मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक २९४ | २०८० साल भदौ १७ गते आइतबार | Sunday 03, September 2023 | सूर्योदय: बिहान ५:४५ बजे | सूर्यास्त: साँझ ६:२३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# जटिल बन्दै मधेशमा उपचार सेवा

## मृतकका आफन्तद्वारा अस्पतालमा प्रदर्शन

**मधेशदृष्टि**
**वीरगंज ।**
दुर्घटनामा परेका बिरामीको समयमा उपचार नभएर मृत्यु भएको भन्दै मृतकका आफन्तले एलएस न्युरो अस्पतालमा प्रदर्शन गरेका छन् । अस्पतालका चिकित्सकको लापरबाहीले युवकको मृत्यु भएको भन्दै उनीहरुले प्रदर्शन गरेका हुन् । प्रदर्शनक्रममा मृतकका पक्षहरुले अस्पतालमा तोडफोडसमेत गरेका थिए । अस्पतालको झ्यालका शिशा तथा सिसिटिभी क्यामेर र रिसेप्सनमा क्षति पुगेको छ । पीडित पक्षसँग वार्ताका लागि अस्पतालले शनिबार बिहान १० बजे समय दिएको र वार्तामा नआएपछि मृतकका आफन्तजन तथा स्थानीयले अस्पताल बाहिर प्रदर्शनसहित तोडफोड गरेका थिए । तोडफोड भएपछि प्रहरीले स्थिति नियन्त्रणमा लिन प्रयास गरेको थियो । प्रहरीले प्रदर्शनमा संलग्न मुकेश साह, रञ्जन महतो, आशुतोष साह, मोहन साहलगायत ५ जनालाई नियन्त्रणमा लिएको थियो । उनीहरुलाई साँझ प्रहरीले छाडेको छ । जिल्ला प्रहरी कार्यालय बाराले पीडित पक्षलाई आइतबार वार्ताको लागि गण्डक चौकीमा बोलाएको मृतकका आफन्त तथा प्रहरी नियन्त्रणबाट मुक्त भएका मुकेश साहले जानकारी दिए ।

पीडित पक्षले क्षतिपूर्ति माग भन्दा पनि दुर्घटनामा अत्यधिक रक्तश्राबका कारण घाइतेको मृत्यु भएकाले आगामी दिनमा यस्तो घटना दोहोरिन नदिन र मृतकको उपचारमा संलग्न डाक्टरलाई कारबाही गर्न माग गरेको बताएका छन् । भदौ ११ गते वीरगंजबाट कलैया जाँदै गरेको प्रदेश २–००७ नम्बरको मोटरसाइकल सडकमा अनियन्त्रित भई पल्टँदा बारा, विश्रामपुर गाउँपालिका वडा नम्बर ५, नकटुवाका २५ वर्षीय रवि गुप्ता गम्भीर घाइते भएका थिए । उनको उपचारक्रममा भदौ १२ गते बिहान ४ बजे मृत्यु भएको थियो ।

### घाइते हामीकहाँ मृत्यु भएका होइनन्ः अस्पताल



**रामप्रवेश प्रसाद कुर्मी**
**प्रबन्ध निर्देशक, एलएस न्युरो अस्पताल**

भदौ ११ गते राति १०:३० बजेतिर घाइतेलाई प्रहरीले हाम्रो अस्पतालमा ल्याएका हुन् । घाइते बेहोस हुनुहुन्थ्यो र अत्यधिक रक्तश्राब भइरहेको थियो । बिरामीलाई भेन्टिलेटरमा राखेर हामीले तत्काल बिरामीलाई रगत उपलब्ध गराउन अपिल गरेका थियौँ । घाइतेका आफन्तहरु रगत खोजीमा जुटे पनि । तर रात परेकाले हुनसक्छ, निकैबेरपछि केही रगत उपलब्ध भयो । तर त्यतिखेरसम्म अरु रक्तश्राब भएकाले स्थिति थप जटिल बन्दै गयो । ब्लड उपलब्ध भएको नेशनल मेडिकल कलेजमा लैजान भन्यौँ र हामीकहाँबाट राति नै घाइतेलाई त्यहाँ लगिएको हो । उनको त्यहीँ मृत्यु भएको हो ।

दुःखको कुरा घाइतेको निधन भएछ । ३ दिनपछि पो मृतकका आफन्तहरु आउनु भयो । उहाँहरुले अस्पतालले हाम्रो घाइतेको उपचारमा केयर गरेन भन्नु भयो । घाइतेसँगै अर्को अस्पताल लैजाँदा एकजना स्वास्थ्यकर्मी लैजानु पर्नेमा त्यो पनि पठाएन भन्नु भयो ।

बाँकी पृष्ठ २ मा

## नवजीवन अस्पतालको ठगी धन्दा
## पैसाकै लागि गैरविभागीय डाक्टरको प्रयोग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामस्थित नवजीवन अस्पतालले पैसाकै लागि अक्षम्य लापरबाही गरेको देखिएको छ । अर्थोसर्जनले हेर्नुपर्ने बिरामीलाई अर्कै विभागका डाक्टरबाट शल्यक्रिया गर्न लगाएपछि नवजीवन अस्पतालको बदमासी बाहिरिएको हो ।

जनकपुरधाम–१४ का सन्तोष कुमार यादवले आफ्ना भाई मन्दिपलाई घुँडामा समस्या देखिएपछि उपचारका लागि स्थानीय डा. मुकुन्द कुमार झाको क्लिनिकमा पुगे । डा. झाले घुँडामा शल्यक्रिया गर्नुपर्ने भन्दै नवजीवन अस्पतालमा भर्ना गर्न सुझाव दिए । सन्तोषले भाई मन्दिप लिएर मधेश प्रहरी कार्यालयनजिकै रहेको नवजीवन अस्पतालमा पुगे । त्यहाँ भर्ना गर्नुपर्ने भनियो । डा. झाले भनेबमोजिम सम्पूर्ण तयारी बिरामी पक्षले पूरा गरेपछि शल्यक्रिया त भयो । तर, अस्पताल पक्षको व्यवहार असामान्य देखिन थाल्यो ।

पीडित सन्तोषले मधेशदृष्टिसँग भने, 'बिरामी भाईलाई निको होस् भनेर मैले दायाँबायाँ केही सोच्न सकिनँ । अस्पतालले जे जे भन्यो सबै गरेँ । शल्यक्रिया भइसकेपछि तुरुन्तै टाँका लगाउनुपर्ने हो भन्ने लाग्यो । तर, अस्पतालले चार दिनसम्म त ड्रेसिङ नै गरिरहयो । सात दिनपछि मात्रै टाँका लगायो ।'



बिरामीलाई शल्यक्रिया गरेको घाउमा टाँका लगाइसकेपछि अस्पतालको प्रशासनले शल्यक्रिया शुल्क मात्रै ४५ हजार रुपैयाँ दिनुपर्ने र त्यो नदिएसम्म डिस्चार्ज गर्न नमिल्ने भन्यो । 'क्लिनिकमा अप्रेशन चार्जबारे सोधेपछि डा. मुकुन्द झाले मिलाएर भइहाल्छ, धेरै पर्दैन भन्नुभएको थियो भनेर मैले उहाँसँग कुरा गर्ने प्रयास गरेँ । उहाँले मोबाइल बन्द गरेर अस्पताल आउनै छोड्नुभयो । अस्पताल प्रशासनसँग पनि कुरा गराइदिन भन्दा सम्पर्कमा नरहेको भन्न थाल्यो,' सन्तोषले मधेशदृष्टिसँग भने, 'अन्त्यमा सबै चार्ज जोडेर ७५ हजार रुपैयाँ तिरेपछि नवजीवन अस्पतालबाट डिस्चार्ज भएर भाई घर आयो ।'

घर पुगेको दुई दिनमै मन्दिपको घुँडा सुनिएर समस्या हुन थाल्यो । प्रादेशिक अस्पतालमा पुगेर डा. संदिप शर्मासँग जाँच गराएपछि अर्थो डाक्टरले गर्ने काम गैरविभागीय डाक्टरले गरेको र अप्रेसन पनि राम्रो नभएको प्रतिक्रिया दिएको सन्तोषले बताए । उनले भने, 'प्रादेशिक अस्पतालमा पुगेपछि पहिलो झट्का त गैरविभागीय डाक्टरले नहुने काम किन गरेको होला भनेर सोच्न थालेँ, पैसाकै लागि त होला नि !' सन्तोषले भने, 'डा. शर्माले पुनः अप्रेसन गरेपछि घाउभित्रै गज छोडिएको रहेछ । मैले सबै भिडियो खिचेर राखेको छु । जब घाउभित्रै गज छोडेर अप्रेसन गरेको देखेँ अनि नवजीवन अस्पतालले बदमासी नै गरेको भन्ने प्रष्ट भयो ।'

पीडित सन्तोषले उपचारको नाउँमा ठगी र बिरामीको भविष्यसँग स्वास्थ्य खेलबाड जस्तो गम्भिर अपराध गरेको भन्दै कारबाहीको लागि नेपाल मेडिकल एसोसिएशन (एनएमसी) समक्ष उजुरी गरेका छन् । 'डा. मुकुन्द झाले मानिसको जीवनसँग खेलबाड गरेको, गम्भीर लापरबाही गरेको र ठगी गरेकोले कानुनबमोजिम क्षतिपूर्ति भराइदिन र हदैसम्मको कारबाही गर्न उजुरी गरेको छु,' सन्तोषले भने, 'सामान्य भनेर क्लिनिकमा गएको थिएँ । गम्भीर अवस्था छ भनेर उचित ठाउँमा जान सल्लाह दिनुभन्दा पैसाकै लागि जीवनसँगै खेलबाड गर्ने डाक्टरले आज मसँग गरे भोली अरुको पनि ज्यान लिन सक्छ भनेर मैले बोल्नै पर्ने भयो ।'

समयमै प्रादेशिक अस्पतालमा पुगेपछि तत्काल भाईलाई जोगाउन सफल भएकामा सन्तुष्ट देखिएका सन्तोषले डा. झाको प्रवृत्ति र नवजीवन अस्पतालको संस्थागत ठगी धन्दाविरुद्ध अदालत जाने सुनाए । उनले सञ्चार क्षेत्रबाट पनि गलत कार्यलाई निरुत्साहित गर्न आग्रह गरेका छन् ।

## 'संविधान कार्यान्वयन भएकै छैन'



> *मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले औँलाको अप्रेशन गराउन काठमाडौँमा भर्ना भएको चर्चा गर्दै प्रादेशिक अस्पताल औँलाको शल्यक्रिया गर्न पनि असक्षम रहेको सन्देश गएको छ ।*
> *'अन्य पार्टीका अर्थमन्त्री हुँदा मधेश प्रदेशलाई सम्मानजनक बजेट दिइन्छ । नेपाली कांग्रेसका अर्थ मन्त्रीले किन कम ?'*

**सुरेश यादव**
**जनकपुरधाम ।**
'नेपाली कांग्रेसका लागि संवाद केन्द्र' टक सेन्टरले शनिबार जनकपुरधाममा 'संविधान कार्यान्वयनमा जनप्रतिनिधिको भूमिका' कार्यक्रम गरेको छ । जनकपुरधाम उद्योग वाणिज्य संघको सभाहलमा आयोजित कार्यक्रममा उपस्थित कांग्रेसनिकट भ्रातृसंगठनका प्रतिनिधि, पार्टी कार्यकर्ता, नेता, स्थानीय जनप्रतिनिधि, प्रदेशसभा सदस्य तथा प्रतिनिधिसभा सदस्यले भनाई राखे । प्रमुख अतिथि नेता कृष्णप्रसाद सिटौलाले सबैको भनाई सुने र अन्त्यमा उद्घोषकमार्फत नै कार्यक्रम समापन भएको घोषणा गर्न लगाएर हिँडे ।

कार्यक्रमस्थलबाट बाहिरिइसकेपछि मधेशदृष्टिको जिज्ञासामा सिटौलाले एक सय संवाद सुनेपछि मात्रै प्रेससँग भेट्ने प्रतिक्रिया दिए । 'संविधान निर्माण प्रक्रियामा मस्यौदा लेखन कार्यको जिम्मेवारी थियो मलाई,' मधेशदृष्टिसँग सिटौलाले भने, 'संविधान जारी भएको पनि आठ वर्ष बितिसक्यो । जनताका लागि जनताकै प्रतिनिधिबाट लेखिएको संविधान लागू भइसक्दा पनि जनतामै फेरि पनि के को निराशा ? जनताको भावना बुझ्न सातवटै प्रदेशमा पुग्ने योजनाअनुरुप आज (शनिबार) जनकपुरसमेत चारवटा प्रदेश घुमेँ, तीन प्रदेश पुग्न अझै बाँकी छ । सबैतिरको सुनिसकेपछि हो मैले बोल्ने ।'

मधेशदृष्टिसँगको संक्षिप्त कुराकानीमा सिटौलाले संघीय संसदले असल नियतबाट संघीयता कार्यान्वयन गर्नेगरी कानुन बनाएर अगाडि बढ्नुपर्ने बताए । 'भ्याइएन भन्न मिल्दैन । संविधानप्रति र जनप्रतिनिधिप्रति जनस्तरमा के बुझाइ छ ?' उनले भने, 'धेरै ढिलो भइसक्यो । अझ ढिलो भयो भने अति हुन्छ । त्यो बुझ्न र जनताको आकांक्षालाई सम्बोधन गर्नु आवश्यक छ ।'

**संवादमा कसले के भने**

नेपाली कांग्रेसका सहमहामन्त्री उमाकान्त चौधरीले कांग्रेस नेतृत्वको सरकारले जारी गरेको

बाँकी पृष्ठ २ मा

## गौर घटना उचाले मोर्चा विघटनः राउत

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका केन्द्रीय सदस्य तथा निवर्तमान मुख्यमन्त्री लालबाबु राउतले गौर घटनालाई अतिरञ्जित गर्ने प्रयास गरिए समाजवादी मोर्चाको भविष्य समाप्त हुने चेतावनी दिएका छन् ।

जनता समाजवादी पार्टी मधेश प्रदेशको युवा, विद्यार्थी तथा खेलकुद विभागद्वारा जनकपुरमा आयोजित प्रदेशस्तरीय कार्यशाला गोष्ठी उदघाटन गर्दै मधेश प्रदेशका प्रथम मुख्यमन्त्रीसमेत रहेका राउतले माओवादी दम्भका कारण १७ वर्ष अगाडि भएको घटनालाई अतिरञ्जित गर्ने प्रयास नगर्न आग्रह समेत गरे ।




राउतले बलिदानीपूर्ण लामो संघर्षले मुलुकमा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रमाथि विभिन्न शक्ति केन्द्रबाट प्रहार भइरहेको अवस्थामा गौर घटनालाई अतिरञ्जित गर्ने प्रयास हुनुलाई जसपाले संघीयता र गणतन्त्रमाथिकै प्रहारका रुपमा लिएको उल्लेख गरे ।

जसपा मधेश प्रदेशका उपाध्यक्ष ज्ञानेन्द्र कुमार यादवको अध्यक्षतामा भएको कार्यक्रममा जसपा मधेश प्रदेशका सहईन्चार्ज उर्मिला साह, केन्द्रीय सदस्य योगेन्द्र राय यादव, मधेश सरकारका अर्थ मन्त्री सञ्जय यादव, मधेश प्रदेश अध्यक्ष रामबाबु यादव, सचिव जितेन्द्र यादवलगायतका वक्ताले मन्तव्य व्यक्त गरेका थिए । कार्यशाला गोष्ठीले युवा, विद्यार्थी तथा खेलकुद संगठनको अगामी रणनीति तय गर्ने आयोजकले जनाएको छ ।







# साप्ताहिक सञ्जालमा बराल सर्वसम्मत



**मधेशदृष्टि**
**चितवन ।**
साप्ताहिक सञ्जाल नेपाल चितवनको अध्यक्षमा सूर्य बराल सर्वसम्मत अध्यक्ष चयन भएका छन् । भरतपुर–२९ भतेरीमा सम्पन्न सञ्जालको प्रथम अधिवेशनले बरालको नेतृत्वमा ९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । उपाध्यक्षमा राजेन्द्र आचार्य, सचिवमा शान्ता अधिकारी, सहसचिवमा बबिलाल तामाङ, कोषाध्यक्षमा हरि कार्की 'लक्की' र प्रवक्तामा नबिन बाबु मरहठ्ठा सर्वसम्मत चयन भएका छन् ।

सदस्यमा रामेश्वर रिजाल, हरिप्रसाद उप्रेती 'भुवन' छन् भने बाँकी दुई सदस्य कार्यसमितिको पहिलो बैठकबाट चयन गरिने चयन अध्यक्ष बरालले जानकारी दिए । अधिवेशनको उद्घघाटन गर्दै नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखरेलले साप्ताहिक पत्रिका नेपाल पत्रकारिताको जननी भएको भन्दै यसको संरक्षण गर्नुपर्ने बताए । उनले बढ्दो सूचना प्रविधिको विकाससँगै साप्ताहिक पत्रिकाको प्रयोगमा केही कमी देखिए पनि यसको महत्व र उपयोगिता महत्वपूर्ण रहेको स्पष्ट पारे । उनले साप्ताहिक पत्रिकाको प्रर्वद्धनमा केन्द्र, प्रदेश र स्थानीय तहले विशेष ध्यान दिनुपर्नेमा जोड दिए ।

प्रदेश सूचना पुनरावेदन समिति बागमती प्रदेशका अध्यक्ष हरि अधिकारीले साप्ताहिक पत्रिकाको संरक्षणमा सबै पक्ष अग्रसर हुनुपर्ने बताए । न्यूनतम पारिश्रमिक निर्धारण समितिका सदस्य शान्ता अधिकारीले साप्ताहिक पत्रिकाको विकास र प्रर्वद्धनमा नयाँ रणनीतिका साथ लाग्नुपर्ने धारणा राखिन् ।

निर्वाचित भएसगैँ अध्यक्ष बरालले साप्ताहिकको विकासमा आफू कटिबद्ध भएर लाग्ने प्रतिवद्धता जनाए । साथै उनले सञ्जालको शाखा देशभर विस्तार गर्ने उद्घघोष गरे । साप्ताहिक सञ्जाल नेपाल–चितवनका अध्यक्ष टिकादत्त तिमिल्सिनाको अध्यक्षतामा भेला भएको हो ।

तिमिल्सिनाकै नेतृत्वले २०७८ साल मंसिर ८ गते जिल्ला प्रशासन कार्यालय चितवनमा संस्था दर्ता गरेको थियो ।

४ जनालाई युवा पत्रकार सम्मान
साप्ताहिक पत्रिकामा काम गरेका ४ जना युवा पत्रकारलाई 'युवा पत्रकार सम्मान २०८०' बाट सम्मानित गरिएको छ । युवा पत्रकार टेकराज पोख्रेरल (आन्नद), सुरेन्द्र कुँवर (सुरेन), हिरालाल गुरुङ्ग र सरोज उपकोटीलाई 'युवा पत्रकार सम्मान २०८०' बाट सम्मान गरिएको उपाध्यक्ष राजेन्द्र आचार्यले जानकारी दिए ।

तस्बिरः सञ्जाल

कार्यक्रममा भरतपुर महानगर वडा नम्बर २९ का वडा अध्यक्ष सूर्य बहादुर गुरुङ्ग, नेपाल पत्रकार महासंघ चितवनका अध्यक्ष नारायण अधिकारी, प्रेस युनियन नेपाल चितवनका अध्यक्ष अनिल ढकाल, राजधानी आस्थाका सञ्चालक नवराज ढकालले मन्तव्य दिएका थिए ।

# घाइते हामीकहाँ मृत्यु भएका......................

त्यो त उहाँहरुले भने न हामीले उपलब्ध गराउने हो । हामीकहाँ प्रहरीले घाइते लिएर आउनु भएको हो र बिरामीका आफन्तले राति लैजानु भएको हो । हाम्रो अस्पतालमा आउँदा पनि बेहोस् हुनुहुन्थ्यो, जाँदा पनि । हाम्रो अस्पतालमा घाइतेको मृत्यु पनि भएको होइन ।

शनिबार केही युवापंक्ति आउनु भयो । उहाँहरुले अस्पतालका डाक्टरलाई निसाना बनाउनु भयो । भिडले मलाई पनि टार्गेट गरेको थियो । म कर्मचारीको सहयोगमा जोगिएँ । तर डाक्टरको गाडी तोडफोडको प्रयास भयो । हाम्रो रिसेप्नमा पनि क्षति पुगेको छ । घाइतेका आफन्तहरुले अस्पताललाई लक्ष्यित गरेर जुन तोडफोड गर्नु भयो, प्रहरीले पाँचजनालाई समातेर लगेको र साँझ छाडेको भन्ने थाहा पाएका छौँ ।

यस्तो घटना हुनुहुन्थेन, हामी दुःखी छौँ । तर अस्पतालमाथि भएको व्यवहारले अरु दुःखी छौँ । मृतकका आफन्तले अस्पतालमा उपचार लापरबाही गर्ने डाक्टरलाई कारबाही माग गर्नु भएको छ । घाइते हाम्रो अस्पतालमा मृत्यु नभएकाले हामीले उहाँहरुलाई दिने सान्त्वना हो । आइतबार वार्ता गर्ने भनिएको छ, हामीलाई त्यस्तो जानकारी केही छैन । सरकारले भनेको मान्छौँ । जटिलताबाट मुक्त हुन चाहन्छौँ । अस्पताल सुरक्षित हुनु पर्‍यो । अरु पनि बिरामी उपचाररत हुन्छन् । यति सबैले बुझिदिनु पर्‍यो ।

(मधेशदृष्टिसँगको कुराकानी)

# १२ जनाले गरे रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको दुई छुट्छुट्टै स्थानमा सम्पन्न कार्यक्रममा १२ जनाले रक्तदान गरेका छन् ।

नेपालका लागि नेपाली पार्टीले वीरगंजको घण्टाघरमा आयोजना गरेको खुला रक्तदान कार्यक्रममा ७० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्रका शौरभराज पाण्डेले जानकारी दिए । पार्टीका केन्द्रीय अध्यक्ष सन्तोष पटेलको अध्यक्षतामा रक्तदान आयोजना गरिएको हो ।

त्यस्तै, नेपाल सितेरियो कराँते संघले माईस्थानमा आयोजना गरेको कार्यक्रममा २ महिलासहित २२ जनाले रक्तदान गरेका रक्त सञ्चार केन्द्रका प्रमुख पाण्डेले जानकारी दिए ।

# 'संविधान कार्यान्वयन भएकै.....................................



संविधान कार्यान्वयनमा कांग्रेसले नै अगुवाई गर्नुपर्ने बताए । संविधानमा ३२ वटा मौलिक हक रहेको उल्लेख गर्दै चौधरीले भने, 'यी मौलिक हकहरु अक्षरसः कार्यान्वयन भइदियो भने जनताले किन विरोध गरिरहनुपर्छ ?'

हिजोसम्म संविधानलाई अपुरो भन्ने दलका नेताहरुले अहिले सोही संविधानको अधिनमा बिनाशर्त हिँड्न थालेको बताउँदै उनले थपे, 'केही कमीकमजोरी होला । तर, जे जति सुविधा छ संविधानमा त्यो मात्रै इमान्दारीपूर्वक सम्बन्धित निकायबाट कार्यान्वयन भइदियो भने जनतामा देखिइरहेको निराशा स्वतः हटेर जान्छ ।'

केन्द्रीय सदस्य मन्जु यादवले निर्वाचन प्रणालीलाई संशोधन गर्नुपर्ने बताइन् । 'अहिलेको मिश्रित निर्वाचन प्रणालीले मर्मअनुसारको परिणाम ल्याउन सकेको छैन भनेर म मात्रै होइन, जनता र नेता सबैले बोल्न थालेको कुरा हो,' पूर्व प्रदेश सांसदसमेत रहेकी यादवले भनिन्, 'निर्वाचन प्रणालीलाई थोरै संशोधन गरेर महिला, दलित, मधेशी, जनजाति, मुस्लिम लगायत पिछडिएका समुदायलाई निर्वाचन क्षेत्र नै तोकेर आरक्षणको व्यवस्था गर्न सक्नुपर्छ । यस्तो गर्दा तोकिएको क्षेत्रमा महिलासँग महिला, दलितसँग दलितको प्रतिस्पर्धा हुन्छ ।'

पार्टीका महासमिति सदस्य उमेश पासमान (महोत्तरी) ले संघीय संसद र सरकार मधेशी दलितको अहितमा काम गरिरहेको आरोप लगाए । वर्तमान संघीय संसदमा दलित कोटाबाट पाँच जनाको प्रतिनिधत्व भएकोमा एक जना पनि मधेशी दलित नपरेको उल्लेख गर्दै पासमानले भने, 'दलित आयोग गठन भएको ३० वर्ष पुगिसक्यो अहिलेसम्मे एकजना पनि मधेशी दलित अध्यक्ष हुनसकेन । नेपाल दलित संघ गठन भएको पनि २८ वर्ष पुग्यो अहिलेसम्म एकजना मधेशी दलितले नेतृत्व गर्न पाएको छैन । यो विभेद होइन ?' प्रतिनिधिसभा सदस्य मोक्ता कुमारी यादवले व्यंग्यात्मक शैलीमा पार्टी नेतृत्वको आलोचना गरिन् । 'मानिसलाई भोक लागेको बेला भातको आकर्षक तस्बिर देखाएर हुन्छ ? मधेशको जनस्तरबाट दलितको सहभागिता खोज्दा पहाडी दलितलाई दिएको देखाइन्छ । पार्टीको यो प्रवृत्ति सुधार गर्नुपर्छ' उनले भनिन् । त्यस्तै, जनताको आवश्यकता सम्बोधन गर्न जनप्रतिनिधिले ढिलासुस्ती गरिरहेको अवस्थालाई पार्टीले मूल्याङ्कन गरेर हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्ने उनको भनाई थियो ।

सांसद यादवले वर्तमान संसदबाट अहिलेसम्म जम्मा एउटा कानुन निर्माण भएको उल्लेख गर्दै भनिन्, 'मिटरब्याजसम्बन्धी कानुन ल्यायो त्यो पनि जनतालाई परेशान गर्न मात्रै सावित भयो ।' एकाध मिटरब्याजीबाट केही जनता पीडित रहेको यथार्थ भएपनि धेरैजसो नागरिक अनाहकमा समस्यामा पर्नेगरी ल्याइएको कानुनले जनता मारमा परिरहेको बताइन् ।

महोत्तरीकी श्यामदेवी पासमानले पार्टीको नेतृत्व र जनप्रतिनिधिप्रति आक्रोश पोखिन् । 'प्रजातन्त्र पुनर्बहालीका लागि बिहे गरेर आएको एक वर्ष नबित्दै घुँघट फालेर संघर्षमा उत्रेकी महिला हुँ । आजसम्म जहाँको त्यहीँ छु,' उनले भनिन्, 'हामी जनप्रतिनिधि भन्छौँ । जनप्रतिनिधि कि स्वयम्प्रतिनिधि ? जनप्रतिनिधिले जनताको हितमा काम गर्नुपर्ने होइन र ? मैले गाउँ, टोलमा भेटिरहेका जनप्रतिनिधिले त आफ्नै गोजी भर्न लागेका छन् ।'

तरुण दलका नेता नवलकिशोर यादवले शिक्षक र जनप्रतिनिधिका छोराछोरीले सामुदायिक विद्यालयमा पढ्न थालेपछि धेरै हदसम्म शिक्षामा सुधार आउने बताए । संविधान आए पनि त्यसको कार्यान्वयन नहुँदा जनतामा जनताकै प्रतिनिधिले बनाएको संविधानको अनुभूति हुन नसकिरहेको उनको भनाई थियो ।

नेपाली कांग्रेस कोशी प्रदेशका महामन्त्री एवम् प्रदेशसभाका प्रमुख सचेतक भूपेन्द्र राईले छुवाछुत अन्त्य गर्ने संविधान राजा महेन्द्रकै पालामा २०१९ सालमा जारी भएको र सार्वभौमसत्ता जनतामा निहित गर्ने व्यवस्था २०४७ सालकै संविधानमा उल्लेख भएको प्रसंग केलाउँदै भने, 'संविधान कस्तो छ भनेर त्यसमा लेखेको अक्षरसँग जनतालाई मतलब छैन । बरु, त्यो संविधानको आधारमा सरकारले जनताको सेवामा कति समर्पित भएर काम गरिरहेको छ भन्ने विषय प्रमुख हो ।'

बागलुङ सभापति एवम् गण्डकी प्रदेशसभा सदस्य जीतबहादुर शेरचनले वर्तमान संविधानमा थुप्रै सकारात्मक पक्ष भए पनि जनतालाई अनुभूति हुनेगरी सरकारीस्तरबाट काम हुन नसक्दा निराशा देखिइरहेको बताए ।

प्रतिनिधिसभाले जम्मा ३ सय १५ वटा कानुन निर्माण गर्नुपर्नेमा ८ वर्षमा जम्मा १ सय ५८ वटा कानुन ल्याएको उनको भनाई थियो ।

मधेश प्रदेशमै प्रहरीसम्बन्धी कानुन बनाएर बसेको पाँच वर्ष बितिसक्दा पनि संघीय कानुनकै अभावमा अहिलेसम्म कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै उनले भने, 'जनताको समस्याको चाङ थपेको थप्यै छ । सरकार जति स्लो हुन्छ, जनतामा त्यति धेरै आक्रोश बढ्दै जान्छ र अन्त्यमा अहिलेको व्यवस्था नै खराब भन्ने सन्देश जान सक्छ ।'

उनले तीनवटै तहका सरकारले जनताको भावनालाई सम्बोधन गर्नेगरी काम गर्नुको विकल्प नरहेको प्रष्ट्याए ।

मधेश प्रदेशका सांसद जंगीलाल रायले स्थानीय तहको निर्वाचन दलविहीन हुनुपर्ने धारणा राखे । दलगत निर्वाचनले धेरै बेथिति देखिएको चर्चा गर्दै रायले दलविहीन निर्वाचन हुँदा धेरै हदसम्म सुधार हुनसक्ने आशा व्यक्त गरे । उनले संविधान निर्माण भइरहँदा आफू पनि संविधानसभामै उपस्थित रहेको उल्लेख गर्दै आफूहरुले चाहेको जस्तो संविधान नआएको गुनासो गरे । 'हामीले संविधान निर्माणकै बेला दलविहीन स्थानीय तहको निर्वाचन गराउने भनेका थियौँ । विद्यालय तहसम्मको शिक्षा प्रादेशिक संरचनाको मातहतमा राख्ने र प्रदेश सरकारलाई जिम्मेवार बनाउने भनेकोमा त्यस्तो नहुँदा अहिले अनेक समस्या भोग्नुपरेको छ ।'

नेपाल विद्यार्थी संघका नेता प्रकाश रायले शिक्षाको नाउँमा अर्बौ रुपैयाँ विदेश गइरहेको उल्लेख गर्दै नेपालमै भरपर्दो र आवश्यक शिक्षाको व्यवस्था हुनुपर्ने माग गरे । उनले हालसालै मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले औँलाको अप्रेशन गराउनुपर्दा काठमाडौँमा भर्ना भएको चर्चा गर्दै त्यसले प्रादेशिक अस्पताल औँलाको शल्यक्रिया गर्न पनि असक्षम रहेको सन्देश गएको टिप्पणी गरे ।

दमक नगरपालिकाकी उपप्रमुख रेगिना भट्टराईले संसारकै उत्कृष्ट संविधान भनिएको हाम्रो संविधान प्रभावकारी कार्यान्वयन हुन नसक्दा जनतालाई भनेको जस्तो प्रत्याभूति गराउन नसकिएको गुनासो गरिन् । स्थानीय तहमा प्रमुख वा उपप्रमुखमध्ये एक र वडामा अनिवार्यरुपमा एक दलितसमेत दुई जना महिला सदस्य राख्ने संवैधानिक व्यवस्थाले पछि पारिएका समुदायलाई नेतृत्वमा पुग्न प्रेरित गरिरहेको उल्लेख गर्दै उनले भनिन्, 'आज उपप्रमुख स्थानीय अदालतका न्यायाधीश भएर काम गर्न पाएका छन् र १५ वटा समितिको नेतृत्व गर्ने अवसर छ ।' बारा, निजगढ नगरपालिकाका पूर्व नगरप्रमुख सुरेश खनालले संघीयताको संरक्षण र सम्बद्र्धन गर्न प्रभावकारी कानुन ल्याएर गम्भीरतापूर्वक कार्यान्वयन गर्नुको कुनै विकल्प नरहेको बताए । पार्टीका सर्लाही सभापति सुरेन्द्र कुमार सिंहले संविधान बनेको एकदशक पुग्न लाग्दा चाहिएको भन्दा आधा कानुन पनि तयार हुन नसक्नु दुर्भाग्य भएको बताए । उनले मधेश प्रदेशलाई संघीय सरकारले विभेद गरेको पनि आरोप लगाए । भने, 'अन्य पार्टीका अर्थमन्त्री हुँदा मधेश प्रदेशलाई सम्मानजनक बजेट दिइन्छ । नेपाली कांग्रेसका अर्थ मन्त्रीले किन कम ?' जनताले सोधिरहेको प्रश्नको जवाफ उनले नेता सिटौलासँग मागेका थिए । महोत्तरीबाट प्रतिनिधित्व गर्ने महाधिवेशन प्रतिनिधि नागेन्द्र प्रसाद शर्माले सिटौलालाई भने, 'तपाईंले जुन कुरा कार्यकर्तालाई सिकाउन यहाँ बोलाउनु भएको छ, त्यो त जनताले खोज्ने विषय हो ? यो सिकाउने काम जनप्रतिनिधिलाई गर्नुस् ।' जनप्रतिनिधिहरु इमान्दार भएर जनताको लागि काम नगरिरहेको गुनासो गर्दै उनले संविधानको कुन धारा कार्यान्वयन भयो कुन भएन र कसले किन कार्यान्वयन गरेन भन्ने स्पष्ट रुपमा थाहा पाउँदापाउँदै पनि केन्द्रीय नेतृत्वले अलमलमा पार्ने काम गरेको टिप्पणी गरे । महोत्तरीकै पार्टी जिल्ला सदस्य नरेन्द्र यादवले मधेशबाट सबैभन्दा बढी राजश्व संकलन गर्ने राज्यले यसै प्रदेशमा सबैभन्दा कम बजेट दिएर विभेद गरेको उल्लेख गर्दै यो कुरा नेतृत्वपंक्तिमा गम्भीर बहस हुनुपर्ने माग गरे । उनले स्थानीय जनप्रतिनिधिले गर्दा स्थानीयस्तरमा भ्रष्टाचार मौलाएको पनि आरोप लगाए । स्थानीय जनप्रतिनिधिले आर्थिक लाभ हुने काममा मात्रै ध्यान केन्द्रीत गरेको उल्लेख गर्दै उनले जनहितमा काम गर्ने नैतिकताको निकै कमी रहेको बताए । सिरहाका सहसचिव रामबाबु यादवले नगर प्रमुखहरु एकलौटी रुपमा हिँडिरहेको गुनासो गरे । उनले प्रदेश सरकारलाई अधिकारसम्पन्न बनाएर काम गर्नुपर्ने बताए । महोत्तरीका प्रविण पाठकले पनि स्थानीय सरकार जिम्मेवार हुन नसकिरहेको गुनासो गरे । 'मन्दिरमा, धर्मशालामा र मस्जिदमा लगानी गर्ने सरकारले विद्यालयमा किन लगानी गर्दैन ?' उनले भने, 'समाजको हित हुने भन्दा आफ्नो व्यक्तिगत हित हुने काममा स्थानीय सरकारले भएभरको बजेट खन्याइरहेको छ ।'

# कृत्रिम खुट्टा जडान सुरु

**मधेशदृष्टि**
**महोत्तरी ।**
बर्दिबास–१ स्थित बर्दिबास सेवा समितिको भवनमा 'कृत्रिम खुट्टा जडान कार्य' सुरु भएको छ । रोटरी क्लब अफ बर्दिबासको आयोजनामा सुरु भएको अभियानमा विभिन्न घटनामा खुट्टा गुमाएका व्यक्तिलाई कृतिम खुट्टा जडान गर्न लागिएको हो ।

विभिन्न घटनामा खुट्टा गुमाएकाले कृतिम खुट्टाको सहारामा हिँडडुल गराउने उद्देश्यले अभियान सञ्चालन गरिएको क्लबका अध्यक्ष कृष्णप्रसाद गौतमले जानकारी दिए । 'कार्यक्रमबारे तालिका बनाउँदा १० दिन अभियान सञ्चालन गर्ने योजना बनाएका थियौँ,' उनले भने, 'अहिलेसम्म ९० भन्दा बढीले नाम दर्ता गराइसक्नु भएकाले केही दिन अभियान लम्बिने भयो ।'

अभियानक्रममा सम्पर्कमा आउने सबै बिरामीलाई सेवा दिने क्लबले जनाएको छ । अध्यक्ष गौतमका अनुसार भारतस्थित जयपुरका दक्ष प्राविधिकले बनाएका कृतिम खुट्टा सेवाग्राहीलाई जडान गरिनेछ । यस अभियानमा रोटरी क्लब अफ वीरगंजले समेत साथ दिएको उनको भनाइ थियो । यस कार्यका लागि चार बङ्गलादेशी र दुई नेपालीसहित छ प्राविधिक रहेका अध्यक्ष गौतमले जानकारी दिए ।

'एक जनाको खुट्टा जडानका लागि दुई प्राविधिकलाई कम्तीमा छ घण्टा लाग्छ,' बङ्गलादेशी प्राविधिक टोलीका प्रमुख नजमुल हसनले भने, 'एक दिनमा तीनदेखि पाँच जनासम्मको जडान गर्न सकिन्छ ।' शिविरमा मधेश प्रदेशका आठ जिल्ला सेवाग्राही, सोलुखुम्बु, पाँचथर, काठमाडौँ, दाङका साथै भारतीयबाट समेत आएका आयोजकले जनाएको छ । शिविरमा कृतिम हात पनि जडान गरिने जनाउँदै अध्यक्ष गौतमले कृतिम हातभने सीमित मात्र रहेको बताए ।

'हात १२ जनालाई मात्र दिनसक्ने भएका छौँ । खुट्टाचाँही आएजति सबैलाई दिन्छौँ,' उनले भने, 'अहिले खुट्टाका लागि ९० जनाको नाम दर्ता भएको छ । भदौ २५ सम्म सम्पर्कमा आउने सबैलाई सेवा दिनेछौँ ।'

# हरिहरपुरमा आँखा शिविर

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगञ्ज आँखा तथा दाँत अस्पतालको सहयोग र पर्साको धोबिनी गाँउपालिका वडा नम्बर ३ हरिहरपुरको र गोल्डेन फ्युचर एकेडेमीको आयोजनामा हरिहरपुरमा निःशुल्क आँखा शिविर भएको छ ।

शिविरमा ४ सय २७ महिला, पुरुष तथा बालबालिकाको आँखा जाँच गरिएको थियो । ७३ जनामा मोतियाबिन्दु, ६२ जनामा आइफ्लु तथा १ सय ७५ जनालाई चस्माको आवश्यक देखिएको नेत्र रोग विशेषज्ञ डा. चन्दन बेनर्जीले जानकारी दिए ।

शिविरमा निःशुल्क औषधीसमेत वितरण गरिएको थियो । मोतियाबिन्दुको समस्या भएकाको भने मंगलबार शल्यक्रिया गरिने एकेडेमीका सञ्चालक मजिद मियाले बताए । शिविरमा डा. चन्दन वेनर्जीको टोलीले आँखा जाँच गरेको थियो । कार्यक्रममा एकेडेमीका सञ्चालक मिया, शशिभुषण मुखिया, प्रधानाध्यापक चन्देश्वर साह, शिक्षक जोया प्रविनलगायतले प्रविधिक सहयोग उपलब्ध गराएका थिए ।

# २१ हजारमा डेङ्गु सङ्क्रमण

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपालमा डेङ्गु सङ्क्रमण बढिरहेको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले सार्वजनिक गरेको तथ्याङ्कअनुसार डेङ्गु सङ्क्रमण २१ हजार दुई सय छ जनामा पुष्टि भएको छ ।

महाशाखाले भदौ र असोजमा डेङ्गु सङ्क्रमण उच्च हुने प्रक्षेपण गरेको थियो । सङ्क्रमणबाट १३ जनाको निधन भएको छ । महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासनीले पानी परिरहेकाले डेङ्गु सङ्क्रमण दैनिकरूपमा बढेको बताए ।

नेपालमा पहिलोपटक सन् २००४ मा एक जनामा डेङ्गु देखिएको थियो । सन् २०२२ मा ५४ हजार सात सय ८४ जनामा सङ्क्रमण र ८८ जनाको मृत्यु भएको थियो ।

**सुनसरीमा मात्र ११ हजार बिरामी पुगे**

सङ्क्रमण देखिएकामध्ये सबभन्दा बढी सुनसरी जिल्लामा देखिएको छ । महाशाखाका अनुसार सुनसरीमा ११ हजार छ सय ५९ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ । सुनसरीपछि मोरङमा दुई हजार दुई सय ४२, धादिङमा दुई हजार एक सय एक, झापामा एक हजार तीन सय २३, काठमाडौँमा चार सय २७, धनकुटामा तीन सय ३६, सङ्खुवासभामा दुई सय ७२, कास्कीमा दुई सय ६०, दार्चुलामा एक सय ९४ र ललितपुरमा एक सय ७४ जना डेङ्गुका बिरामी भेटिएका छन् ।

डेङ्गु पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल लार्भा निस्कन्छ र त्यही लार्भा बयस्क भएर टोकेपछि डेङ्गु रोग लाग्छ ।

# मधेशका सुरक्षा अधिकारीहरुको सरुवा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साका दुई डिएसपीसहित बाराका एसपीको सरुवा भएको छ ।

नेपाल प्रहरीका ४८ प्रहरी उपरीक्षक (एसपी)हरू र १ सय २० नायव प्रहरी उपरीक्षक (डिएसपी)हरूको सरुवा भएको छ । केही जिल्ला कार्यालयका प्रमुखसहित ठूलो संख्यामा एसपी र डिएसपीको सरुवा भएको हो । प्रहरी प्रधान कार्यालयले सार्वजनिक गरेको सूचनाअनुसार बाराका एसपी होबिन्द्र बोगटीलाई केन्द्रीय अनुसन्धान व्युरो अनुसन्धान महाशाखामा सरुवा गरिएको छ । रौतहटका एसपी वीरबहादुर बुढामगरलाई काठमाडौँ उपत्यका प्रहरी कार्यालय तालिम शाखा रानी पोखरीमा पठाइएको छ ।

सुनसरीका प्रभुप्रसाद ढकाललाई राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान आधारभूत तालिम शाखा महाराजगंज, भक्तपुरका प्रजित केसीलाई प्रदेश कार्यालय वीरगंज, उदयपुरका ज्ञानेद्र फुयाललाई मानव बेचबिखन अनुसन्धान व्युरोमा सरुवा गरिएको छ । त्यस्तै, पर्सामा डिएसपी ध्रुवकुमार श्रेष्ठ र कुमार विक्रम थापा आउने भएका छन् ।

पर्सामा कार्यरत प्रहरी नायव उपरीक्षक दीपक गिरीको बैतडी र निर्मल बुढाथोकीको प्रहरी प्रधान कार्यालयको आर्थिक प्रशासन महाशाखामा सरुवा भएको छ ।



# सरकार साहसिक तरिकाले अघि बढेको छः प्रधानमन्त्री

**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले वर्तमान सरकारले सामाजिक न्यायको प्रत्याभूति, सुशासन, सार्वजनिक सेवा प्रवाहमा जनताको सहज पहुँच र विकासलाई मुख्य प्राथमिकता दिँदै कामलाई अगाडि बढाएको बताएका छन् । सरकारले इतिहासले नै सम्झिने गरी कैयौँ साहसिक र जनपक्षीय काम अघि बढाएको उल्लेख गर्दै उनले एकपछि अर्को गर्दै सरकारबाट अघि सारिएका कामले जनतामा राजनीति र व्यवस्थाप्रति नै विकास हुँदै आएको निराशा चिरेर आशा र भरोसाको वातावरण सिर्जना गरिरहेको बताए ।



नेकपा(माओवादी केन्द्र)को केन्द्रीय कार्यालय पेरिसडाँडामा पार्टीको तीनमहिने ‘जनतासँग रुपान्तरण अभियान’को उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले राजनीतिक र सामाजिक अराजकताको स्थानमा सकारात्मक भाष्यको निर्माण हुँदै सरकार र प्रणालीप्रतिको विश्वास बढेर गएको बताए । उनले भने, ‘हामीले आफैँले गरेका राम्रा काम पनि जनतासम्म पु¥याउन सकेका छैनौँ । यो अभियानले सरकारका तर्फबाट भइरहेका जनपक्षीय कामलाई समेत जनतामा सम्प्रेषण गर्दै सरकार र जनताबीचको एकता सुदृढ गर्नेछ ।’

सरकारले नक्कली भुटानी शरणार्थी काण्डको छानविन, ललिता निवास प्रकरणमा निर्भिकतापूर्वक गरिएको कारबाही, सुनकाण्डको निष्पक्ष छानबिन जस्ता घटनाले राज्यशक्तिको दुरुपयोगमार्फत भएका अपराधकर्मको पर्दाफास गरिएको प्रधानमन्त्री दाहालको भनाइ छ ।

यस्तै मिटरब्याज पीडितका पक्षमा बनाइएका कानुन, नागरिकताविहीन नेपाली नागरिकका सन्तानका लागि नागरिकता ऐन निर्माण, वैदेशिक रोजगारीमा रहेका तथा अनौपचारिक एवं स्वरोजगार क्षेत्रमा कार्यरत श्रमजीवीका लागि गरिएको योगदानमा आधारित सामाजिक सुरक्षामा ल्याइएको छ ।

राहदानी, सवारी चालक अनुमतिपत्र जस्ता दैनिक सेवा प्रवाह गर्ने कार्यालयमा लाग्ने अव्यवस्थित लाइन हटाउने कदम, अस्पतालमा निःशुल्क श्ययाको व्यवस्थादेखि स्वास्थ्य क्षेत्रमा सुधार र सामाजिक न्यायका क्षेत्रमा गरेको पहलकदमीको सर्वत्र प्रशंसा भइरहेको प्रधानमन्त्री दाहालले बताए ।

यस्तै, जनयुद्धका सहिद घोषणालाई राजपत्रमा प्रकाशन गर्नु र बाँकी रहेकालाई सहिद घोषणा, जनयुद्ध दिवसमा दिइएको सार्वजनिक बिदालगायतका निर्णयले राजनीतिक आन्दोलन र परिवर्तनमा योगदान गर्नेको सम्मान भएको उनको भनाई थियो ।

प्रधानमन्त्री दाहालले लघुवित्त पीडितको आन्दोलनलाई सरकारले सम्बोधन गर्न पहल गरेको, इतिहासमा पहिलो पटक पाठ्यपुस्तक समयमै विद्यालयमा पठाइएको, किसानलाई रासायनिक मल समयमा उपलब्ध गराइएको, विपन्न र असहायका निम्ति निःशुल्क स्वास्थ्य सेवा प्रभावकारी तुल्याइएको, आर्थिक सुधारलगायतका कामले सरकारको सङ्कल्प र प्रतिबद्धता व्यवहारमा रूपान्तरण भएको बताए ।

वित्तीय तथा मौद्रिक नीतिको सन्तुलनमार्फत निजी क्षेत्रलाई समेत विश्वासमा लिइ सरकारले चालेका सुधारात्मक कदमबाट अर्थतन्त्र विस्तारै लयमा फर्किन सुरु गरेको प्रधानमन्त्री दाहालले उल्लेख गरे । उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गरी अर्थतन्त्रको पुनरुत्थान तथा उच्च, दिगो समावेशी आर्थिक वृद्धि हासिल गर्ने र समष्टिगत आर्थिक स्थायित्व कायम गरी लगानीको वातावरणमा सुधार गर्न सरकार क्रियाशील रहेको उनले जानकारी दिए ।



नेपाल राष्ट्र बैंकले हालै प्रकाशन गरेको प्रतिवेदनअनुसार, अर्थतन्त्रका सूचकाङ्क सकारात्मक दिशातर्फउन्मुख रहेको तथ्याङ्क प्रधानमन्त्री दाहालले पेस गरे । गत असार मसान्तसम्म शोधनान्तर स्थिति दुई खर्ब ९० अर्ब ५२ करोड रुपैयाँले बचतमा रहेको छ । यस्तै विदेशी विनिमय सञ्चिति गत वर्षको सोही अवधिको तुलनामा २६.६ प्रतिशतले वृद्धि भई १५ खर्ब ३९ अर्ब ३६ करोड रुपैयाँ पुगेको र यसले करिब १० महिनाको वस्तु तथा सेवाको आयात धान्न पुग्ने अवस्था रहेको उनले बताए ।

त्यस्तै, विप्रेषण आयमा २१ दशमलव दुई प्रतिशतले वृद्धि भई १२ खर्ब २० अर्ब ५६ करोड रुपैयाँ पुगेको छ । जग्गाको कित्ताकाट पूर्णरुपमा खुलाउने निर्णय भएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले यही भदौ ११ गते मात्रै नेपाल राष्ट्र बैंकले लचिलो बजार नीतिअनुसार चालुपुँजी कर्जासम्बन्धी मार्गदर्शन संशोधन गरेको र त्यसबाट उद्योग, व्यवसाय क्षेत्रलाई प्रत्यक्ष लाभ हुनुका साथै आन्तरिक लगानी, उत्पादन वृद्धि र बजारमा आर्थिक गतिविधि बढ्नमा सहयोग पुग्ने विश्वास गरिएको बताए ।

सरकारले चालेका जनमुखी कदमले जनतामा परिवर्तनप्रति असन्तोष बढाएर सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई कमजोर पार्ने तथा प्रमुख राजनीतिक दल र नेताहरूलाई बदनाम गरी राष्ट्रलाई नै असफल बनाउने षडयन्त्रलाई गतिलो जवाफ दिएर जनतामा आशा जगाएको प्रधानमन्त्री दाहालको भनाइ छ ।

प्रधानमन्त्री दाहालले भने, ‘जनतामा अब चाहिँ केही हुन्छ भन्ने सकारात्मक सोंचको विकास र नयाँ आशाको सञ्चार भएको छ । यो आजको कामको परिणाम मात्र नभई नेपाली जनताको न्याय र मुक्तिको उद्देश्यमा आधारित महान जनयुद्ध र जनआन्दोलनका क्रममा खाएको मुक्ति या मृत्युको सपथ र नयाँ परिवेशमा हामीबाट गरिएको सङ्कल्पको निरन्तरता हो ।’

‘दृढ इच्छाशक्तिका साथ अभेद्य सङ्कल्प गरे के हुँदैन र’ भन्ने मान्यता आज व्यवहारमा पुष्टि भएको स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले सुशासन, समृद्धि र सामाजिक न्यायका क्षेत्रमा वर्तमान सरकारले गरेका कामले पार्टीको आन्तरिक जीवनमा देखिएका आशङ्का र अविश्वास पनि मेटाउँदै एकतालाई सुदृढ गर्न सहयोग पु¥याएको बताए ।

देशभरि जनता र पार्टी कार्यकर्तामा आशा र उत्साह बढेको स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले अभियानका क्रममा यी सबै विषय जनतामाझ सम्प्रेषण गर्ने र जनताका आशा, अपेक्षा, आलोचना, सुझाव तथा प्रतिक्रियालाई ग्रहण गर्दै सुशासन र सामाजिक न्यायका पक्षमा सरकारले चालेको अभियानलाई अझै सशक्त बनाउने उल्लेख गरे ।

तमाम् उपलब्धिका बाबजुद परिवर्तनलाई नरूचाउने, इतिहासको रथलाई उल्टो दिशामा लैजान खोज्ने र सरकारको लोकप्रियताबाट अत्तालिएका तत्वले सरकारविरूद्ध घेराबन्दी गर्ने, भ्रम छर्ने, यो वा त्योरूपमा सरकारका कामको प्रशंसा र चर्चाबाट जनताको ध्यान विमुख गर्ने षड्यन्त्र गरिरहेको उनले स्पष्ट पारे ।

सरकारलाई काम गर्न नदिन विभिन्न कोणबाट भइरहेका यी हर्ककत गलत त छन् नै, तर, यो घेराबन्दीले झनै जिम्मेवार ढङ्गले सबल, सक्षम भएर क्रान्तिकारी आन्दोलनमा अविचलितरूपमा अघि बढ्नैपर्ने कार्यभारसमेत हाम्रोसामु थपिदिएको उनको कथन छ । प्रधानमन्त्री दाहालले भने, ‘हाम्रो अस्तित्व हामीमा नै निर्भर छ भन्ने कुरा विर्सिनु हुँदैन । हामीले कस्तो विचार विकास गर्छौं, हामीले कस्तो सङ्गठन निर्माण गर्छौं, हामीले जनताका मुद्दालाई के कसरी र कुन स्तरमा उठान गर्छौं, हामीले आफ्ना कमजोरीप्रति कस्तो आत्मालोचना र आत्मसमीक्षा गर्छौं, हामीले हाम्रा राम्रा कामको प्रचार के कसरी गर्न सक्छौँ भन्ने जस्ता कुराले हाम्रो र सिङ्गो कम्युनिस्ट आन्दोलन एवं समाजवादी क्रान्तिको आधार तयार पार्ने आन्दोलनको भविष्य निर्भर गर्दछ ।’

वर्तमान सरकारले गरेका लोकप्रिय र जनमुखी कामबारेमा आमपार्टी पङ्क्ति र जनतामाझ व्यवस्थित प्रचारप्रसार गर्न नसक्दा भ्रमपूर्ण प्रचार गर्नेले ठाउँ पाएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सरकारबाट भएका कामलाई एकीकृत माध्यमबाट जनताका बीचमा पु¥याउन सिङ्गो पार्टी एकजुट भएर लाग्न जरूरी रहेको बताए । सरकारको कामलाई जनतामाझ स्थापित गर्ने जिम्मेवारी र चुनौतीसमेत हाम्रासामु रहेको उनको भनाइ छ ।

# सरकारको कामले जनतामा उत्साह बढ्योः पुन



**रासस**
**काठमाडौँ ।**
नेकपा (माओवादी केन्द्र) का उपमहासचिव वर्षमान पुनले वर्तमान सरकारले सुशासनको पक्षमा काम गरिरहेको बताएका छन् ।

नेकपा (माओवादी केन्द्र)ले शनिबारदेखि देशभर सुरु गरेको ‘जनतासँग माओवादी: विशेष रुपान्तरण अभियान’को गौँङ्गबुस्थित नयाँ बसपार्कमा उद्घाटन गर्दै उनले पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको वर्तमान गठबन्धनको सरकारले सुशासनको पक्षमा काम गरिरहेको बताए । वर्तमान सरकारले देश र जनताको पक्षमा काम गर्न सुरु गरेको उनको भनाइ थियो ।

समाज, राज्य र पार्टीको शुद्धिकरणका लागि माओवादीले रुपान्तरण अभियान सञ्चालन गरेको छ’, उपमहासचिव पुनले भने, ‘लामो समयपछि जनताको गुनासो सुन्न तथा सरकारले गरेका राम्रा कामलाई जनतासामु लैजानका लागि पार्टीले रुपान्तरण अभियान सुरु गरेको हो ।’

शनिबारदेखि सुरु भएको अभियान देशभरका छ हजार सात सय ४३ वटै वडामा सञ्चालन गरिने उल्लेख गर्दै उनले अभियान तीन महिनासम्म सञ्चालन हुने जानकारी दिए ।

उपमहासचिव पुनले माओवादीले कुनै पार्टी र दलप्रति लक्षित गरी अभियान सञ्चालन नगरेको उल्लेख गर्दै पार्टीको शुद्धिकरणका लागि अभियान सञ्चालन गरिएको स्पष्ट पारे । देशको आर्थिक विकासका लागि उद्योगी तथा व्यवसायीको महत्वपूर्ण भूमिका रहेको उनको भनाइ थियो ।

उद्योगी व्यवसायीको हकहितको पक्षमा पार्टी सदैव सकारात्मक रहेको उनले बताए ।

कार्यक्रममा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँर, लोत्से बहुउदेश्यीय प्रालिका अध्यक्ष इञ्जिनियर दीपक कुँवर, यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला, कोषाध्यक्ष ज्ञानेन्द्र श्रेष्ठ, उपमहासचिव पुरुषोत्तम सिङ्खडासहित माओवादी केन्द्रका नेता तथा कार्यकर्ताको सहभागिता थियो ।

# पार्टीले गरेका कामको बारेमा जनतालाई बुझाउनेछौँः भुसाल



**रासस**
**ललितपुर ।**
नेकपा (माओवादी केन्द्र)को उपाध्यक्ष पम्फा भुसालले ‘जनतासँग माओवादी विशेष रुपान्तरण’ तीनमहिने अभियानमा पार्टीको त्याग र बलिदानसहित पार्टीले जनताको पक्षमा गरेका कामबारे जनतालाई बुझाउने बताएकी छन् ।

ललितपुर उपमाहानगरपालिका वडा नं २२ बुङ्गतीमा आयोजित माओवादी केन्द्रको ‘जनतासँग माओवादी रुपान्तरण अभियान’ र ‘जनजनमा माओवादी घर–घरमा माओवादी’ उद्घाटन कार्यक्रममा उपाध्यक्ष पम्फा भुसालले अरु समय भोट माग्न र भोट प्राप्त गरेपछि धन्यवाद दिन आएको र अबको तीनमहिने रुपान्तरण अभियानमा जनताको गुनासो र सुझाव सङ्कलन गर्न जनताको घर–घरमा माओवादी पुग्ने बताइन् ।

उपाध्यक्ष भुसालले भनिन्, ‘भदौ १६ गतेदेखि सुरु भएको अभियान मङ्सिर १५ गते सकिएपछि जनताबाट प्राप्त भएका सुझाव र आलोचनालाई समीक्षा गरेर विधान सम्मेलन गर्नेछौँ । विधान सम्मेलनको तीन महिनापछि महाधिवेशनद्वारा नीति र विचारमा नयाँ विकास गरेर पार्टीलाई देशको सबैभन्दा अग्रगामी र सबैभन्दा क्रान्तिकारी शक्ति निर्माण गर्नेछौँ ।’

जनता र माओवादीको सम्बन्ध नङ र मासुको जस्तै हुँदा माओवादी बलियो हुने र माओवादी बलियो हुँदा परिवर्तनको एजेन्डा रक्षा हुने भएकाले जनतासँग माओवादी रुपान्तरण अभियान सुरु गरेको उनले बताइन् । जनताको नयाँ आलोचना र नयाँ सुझावले माओवादी केन्द्र नयाँ ढङ्गले अगाडि बढ्नेसमेत उनको भनाई थियो ।

# हेटौँडामा पनि अभियान

**मधेशदृष्टि**
**मकवानपुर ।**
नेकपा माओवादी केन्द्रको तीन महिने जनतासँग माओवादी विशेष रुपान्तरण अभियान हेटौँडा उपमहानगरपालिकाको १९ वटै वडामा विविध कार्यक्रम गरी सुरुवात गरिएको छ । हेटौँडा–१ मा प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम गरिएको छ । कार्यक्रम नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य डिपी ढकालको प्रमुख आतिथ्य तथा वडा अध्यक्ष स्वस्तिक राजथलाको अध्यक्षतामा भएको थियो ।

हेटौँडा २ मा सहिद परिवारलाई सम्मान र ओम बृद्धाश्रमलाई नगद पाँच हजार सहयोग गरिएको छ । सहिद चिन्तामणि तिमल्सिनाको माता बालकुमारी र पिता ठाकुर प्रसाद तिमल्सिनालाई पार्टीका केन्द्रीय सदस्य तथा हेटौँडा उपमहानगरपालिका अभियान संयोजक रत्न ढकालले सम्मानपत्रसहित सम्मानित गरेका थिए ।

हेटौँडा ३ मा सहिद परिवारलाई भेटघाट गरी जनगुनासो सुनुवाई कार्यक्रम भएको छ । कार्यक्रम नेकपा माओवादी केन्द्र मकवानपुरका जिल्ला सदस्य प्रकाश थोकरको प्रमुख आतिथ्य तथा वडा अध्यक्ष भीमलाल सिन्तानको अध्यक्षतामा भएको थियो । कार्यक्रममा पार्टीका हेटौँडा नगर सदस्य हेमन्त रुम्बा, सहिद परिवारका सदस्यहरुले मन्तव्य व्यक्त गरेका थिए ।

हेटौँडा ४ मा अनाथ बालकहरु आश्रित आमसाई विद्यालयलाई चामल, दाल, सोयाबिन, आलु, नुन र तेल लगायतका खाद्यान्न सहयोग गरिएको छ । कार्यक्रम नेकपा माओवादी केन्द्र मकवानपुरका जिल्ला सदस्यहरु रिनेश कुमार श्रेष्ठ, बेली कुमारी दोङ र जंगबहादुर विश्वकर्माको आतिथ्यता रहेको थियो । हेटौँडा ५ को ढुङ्गेधारा पर्यटकीय क्षेत्रमा बर, पिपल, छतिवन लगायत विभिन्न जातका विरुवा वृक्षारोपण गरिएको छ । कार्यक्रम नेकपा माओवादी केन्द्रकी केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज कुमारी मोक्तानको प्रमुख आतिथ्य तथा वडा अध्यक्ष देवनारायण लामिछाने ‘भीमसेन’को अध्यक्षतामा भएको थियो ।

हेटौँडा ६ मा वडा कार्यालय उद्घाटन तथा सहिद परिवारको जेष्ठ नागरिकलाई सम्मान गरिएको छ । कार्यक्रम नेकपा माओवादी केन्द्रका विशेष प्रदेश सदस्य जनक शर्मा ‘प्रकाण्ड’को प्रमुख आतिथ्य तथा पार्टीकी वडा अध्यक्ष शोभा घिमिरेको अध्यक्षतामा भएको थियो । हेटौँडा ७ स्थित न्युरेनी सामुदायिक वनमा रहेको कालिदेवी मन्दिर वरपर सरसफाइ र फलफूलको विरुवा रोपिएको छ । कार्यक्रममा एभोकाडो, अमला, बेल, लालुपाते लगायतका विरुवा रोपिएको हो । पार्टी केन्द्रीय सदस्य तथा बागमती प्रदेश सचेतक रत्न ढकालको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । नेकपा माओवादी केन्द्रका वडा अध्यक्ष बासुदेव कटुवालको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश खेलकुद परिषद्का सदस्य सचिव सूर्यलाल भण्डारी लगायतको आतिथ्यता थियो ।



हेटौँडा ८ मा चन्द्रोदय माध्यमिक विद्यालय अगाडी सरसफाइ गरिएको छ । कार्यक्रमको नेकपा माओवादी केन्द्रमकवानपुरका जिल्ला सचिव भीम पाख्रिनले उद्घाटन गरे । हेटौँडा ९ मा पाँच जना सहिद परिवारलाई दोसल्ला ओडाएर सम्मान पत्र प्रदान र पार्टीको वडा कार्यालय उद्घाटन गरिएको छ । कार्यक्रम नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य डिपी ढकालको प्रमुख आतिथ्य तथा वडा अध्यक्ष बलराम मिश्रको अध्यक्षतामा भएको थियो ।

हेटौँडा १० मा बसपार्क सरसफाइ गरिएको छ । पार्टीका जिल्ला सदस्य एवम् प्रशिक्षण विभाग प्रमुख निबन्ध लामाले उद्घाटन गरेको कार्यक्रममा जिल्ला सदस्य रामशरण कार्की, इन्चार्ज ज्ञानेन्द्र कार्की, वडा अध्यक्ष राजकुमार थिङ्ग लगायतको सहभागिता थियो । हेटौँडा ११ मा प्रशिक्षणात्मक कार्यक्रम गरी अभियानको उद्घाटन गरिएको छ । कार्यक्रम नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य डिपी ढकालको प्रमुख आतिथ्य तथा पार्टीका वडा अध्यक्ष रामकृष्ण बस्नेतको अध्यक्षतामा भएको थियो ।

हेटौँडा १२ मा जनतासँग माओवादी विशेष रुपान्तरण अभियान अन्तरगत वडा कार्यालय उद्घाटन गरिएको छ । हेटौँडा १३ मा आगामी पार्टीको एजेण्डा सम्बन्धी छलफल कार्यक्रम गरेको छ । कार्यक्रम नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य डिपी ढकालको प्रमुख आतिथ्य, पार्टीका मकवानपुर सदस्य उमेश गुणीको विशेष आतिथ्य तथा पार्टीका वडा अध्यक्ष सुर्यकुमार छुमीको अध्यक्षतामा भएको थियो । कार्यक्रममा नेकपा माओवादी केन्द्र मकवानपुरका सदस्य रामशरण कार्की, हेटौँडा नगर उपाध्यक्ष प्रदीप अर्याल, वडा नम्बर १३ की इन्चार्ज तारादेवी मोक्तान, हेटौँडा नगर सदस्यहरु बसन्तकुमार लामा, नेमा लामा लगायतको आतिथ्य रहेको थियो ।

हेटौँडा १४ मा पनि तीन महिने अभियानको उद्घाटन गरिएको छ । कार्यक्रम नेकपा माओवादी केन्द्र केन्द्रीय सदस्य डिपी ढकालको प्रमुख आतिथ्य तथा वडा अध्यक्ष चमेली माया सिंजाली मगरको अध्यक्षतामा भएको थियो । हेटौँडा १५ मा नेकपा माओवादी केन्द्रको वडा पार्टी कार्यालय स्थापना र उदघाटन गरिएको छ । पार्टीका केन्द्रीय सदस्य रत्न ढकालले उदघाटन गरेको कार्यक्रममा पार्टीका मकवानपुर जिल्ला सचिव भीम पाख्रिन, जिल्ला सदस्य लिलाकुमार घलान, कमला विक, हेटौँडा नगर अध्यक्ष तिर्थ थापा मगर, नगर कमिटि, वाईसीएल लगायतका नेता तथा कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

हेटौँडा १६ मा जनतासँग माओवादी विशेष रुपान्तरण अभियान अन्तरगत छलफल कार्यक्रम गरिएको छ । पार्टीका केन्द्रीय सदस्य रत्न ढकालको प्रमुख आतिथ्य तथा पार्टीका वडा अध्यक्ष टेकमान थिङको अध्यक्षतामा भएको थियो । हेटौँडा १७ मा पार्टीको वडा कार्यालय उद्घाटन गरी अभियानको शुभारम्भ गरिएको छ । कार्यक्रम नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य डिपी ढकालको प्रमुख आतिथ्य तथा वडा अध्यक्ष रंगराज अधिकारीको अध्यक्षतामा भएको थियो ।

सबैमा सुन्दरता हुन्छ, सबैले सुन्दरता अनुभूत गर्दैनन् ।

–कन्फ्युसियस

## सम्पादकीय

# रेललाई तेल अभाव

जनकपुर–बिजलापुर–जयनगर रेल्वे सेवा अवरुद्ध हुने खबर आएका छन् । रेल्वे सेवाका महाप्रबन्धकको पदावधि सकिएको र नयाँ महाप्रबन्धक नियुक्तिमा विलम्ब भएकाले आर्थिक अधिकार नभएर इन्धन खरिदमै समस्या हुने भएकाले रेल्वे सेवा इन्धन अभाव खेप्न बाध्य हुने सन्देश आएका छन् । निकै महत्वाकांक्षी योजनाका रुपमा बन्दको ८ वर्षपछि रेल्वे सेवा सञ्चालन गरिएको हो । योसँगै सेवा विस्तार गरेर बिजलापुरसम्म सेवा दिइएपछि धनुषा र महोत्तरीका ग्रामीण क्षेत्रका जनतालाई समेत रेल्वे सेवा प्रभावकारी हुँदै गएको छ । यस्तोबेला सरकारले नियुक्ति दिइएका व्यक्तिको पदावधि सकिएपछि स्वाभाविकरुपमा आर्थिक अधिकार पनि अन्य कर्मचारीमा नभएपछि रेल्वे सेवालाई तेल खरिदमा प्राविधिक समस्या परेको हो । अर्कातिर घाटामै भए पनि सरकार रेल चलाउन तयार भएकाले सानो विषयलाई निकै ठूलो समाचार बनाएर कतै राष्ट्रले चालेका र थालेका योजना बीचैमा अवरुद्ध हुने पो हो कि भन्ने संशयका सन्देश सम्प्रेषण पनि उद्यम बन्ने गरेको छ । यही उद्यमको सिकार बन्यो यसपटक रेल्वे सेवा पनि ।

रेल्वे सेवालाई इन्धन उपलब्ध गराइरहेको पेट्रोल पम्पले पनि रेल्वे सेवालाई बिल पठाइएको र बाँकी भुक्तानी गर्न भनेको छ । यसको मतलब हो, इन्धनको भुक्तानीका लागि तोक लगाउने मुकर्रर हाकिम नभएकाले पेट्रोल पम्पले पनि अरु कर्मचारीको आदेश मानेर तेल दिन सक्ने अवस्था छैन । यसको सिधा प्रकरण हो, महाप्रबन्धकबाहेक अरु कसैलाई आर्थिक अधिकार छैन र महाप्रबन्धक पद समाप्त भइरहँदा अरु कसैलाई यो अधिकार प्रत्यायोजन पनि भएको छैन । निवर्तमान महाप्रबन्धक निरञ्जन झाले पनि आइतबारसम्म इन्धनको जोहो रहेको स्वीकारे । उनको पदावधि भदौ २ गते नै सकिएको हो । पदावधि सकिएको २ हप्तासम्म इन्धनको जोहो गरेका झाले यतिखेरसम्म नयाँ महाप्रबन्धक नियुक्तिमा सरकारले समयमा निर्णय दिन नसक्दा समस्या भएको र यस्तो समस्या केही दिनका लागि हुने बताए । उनले भने, 'छिट्टै कोही न कोही नयाँ नियुक्तिमा आइहाल्छ, यस्तो बेला यत्रो समय इन्धन दिइरहेको पेट्रोल पम्पले केही दिनलाई सेवा दिँदा रकम डुब्ने चैँ होइन, समस्या समाधान भइहाल्थ्यो ।'

एउटा सरकारी निगमलाई तेल दिन सक्दिनँ भनेर गरिएको हल्लाका पछि दौडेर आमसर्वसाधारणलाई रेल बन्द हुनेसम्मको खबर सम्प्रेषण उचित त होइन, तर अचेल बजारमा चलिरहेको छ यस्तै । उसो त स्रोतका अनुसार, महाप्रबन्धकमा सरकारले नियुक्ति पनि गरिसकेको बुझिएको छ । मन्त्रिपरिषद निर्णयबाट विभागीय मन्त्रालय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले नियुक्तिको प्रक्रिया पूरा गरिसकेको छ । नियुक्ति पाउने व्यक्तिले पत्र हात नपरेकाले र गठबन्धन सरकार भएकाले हल्लाखल्ला गर्दा अरु पार्टीका नेताहरुले पनि रहर गरेर गिजोल्लान् भन्ने भयले नियुक्तिबारे तथ्य बाहिर आउन बाँकी भएको बुझिएको छ । यसैले नियुक्तिका सबै प्रक्रिया अघि बढेकाले समाचारमा आएजस्तो रेल्वे सेवा बन्द नै हुने गरी आएका समाचारले भय फैलाए पनि वास्तविकता केही दिनमै सबै समस्या समाधान हुने बुझिएको छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# धर्मो रक्षति रक्षितः



उदय कुमार यादव

> सात स्वर्ग अप वर्ग सुख,धरय तुला एक अंग ।
> तुलय न ताहि सकल मिली, जौ सुख लव सत संग ॥

यी प्रस्तुत् सुन्दर धार्मिक तथा पवित्र कथन वा पंक्ति तुलसीकृत रामायणका सुन्दरकाण्डबाट उद्धृत गरिएकोछ,जसको भावार्थ वास्तवमा अति महत्वपूर्ण तथा अमूल्य रहेकोछ। यसमा पनि मानव जीवन सार्थक पार्न र वास्तविक मोक्ष र मुक्ति पाउनका लागि त यस सुत्रात्मक कथनको रहस्य नबुझी नहुने रहेछ। हिन्दु धर्मका अध्यात्मिक दर्शन अनुसार मानव जीवन हामीलाई चौरासी लाख योनी पार गरेपछि मात्र प्रप्त हुंदा रहेछ। यस मानव जीवन धार्मिक रुपले पवित्रताका साथ विताएमा पुनः जीव रुपी शरीर धारण गर्नु पर्दैनन् रे,अनि आत्मा चाहिं सदाकैलागि अमर नै रहनेछन्।अर्थात् यो सास्वत सत्य कति यर्थाथ् रहेछ भने कुरा तब पुष्टि हुंदारहेछ जब हामी असल सत संगमा जाने गर्दछौं अनि यो उपरोक्त दोहाले यहि सत संगको महत्व दर्शाई रहेको छ,कि वास्तवमा हामीले मृत्यु पछिका जुनस्वर्गका कल्पना गर्दछौं त्यस्ता त्यस्ता सात स्वर्ग बराबरको सुख तराजुका एक पलरामा राखी अर्कामा सतसंगका एक क्षणका सानोपल राखी तौल गरेमा पनि बराबर हुंदैनन्।



अचेल वास्तवमा असी प्रशितले त विभिन्न आडम्बरलाई नै धार्मिक प्रदर्शन गरि राखेको हुन्छ। ति मध्ये अन्धविश्वास मा जिवन विताउने त पचास प्रतिशत भन्दा कम हुंदैनन्।बांकीका बीस प्रतिशत मा दश प्रतिशत नास्तिक अनि दश प्रतिशत आस्तीक होला जसले चांहि वास्तविक अध्यात्मिक जीवनका रहस्य बुझेका हुन्छन्।हिन्दु धर्मका महान धर्म ग्रन्थहरुका निचोडले यहि प्रमाणित गरि राखेको छ कि धर्मो रक्षति रक्षतःसंसारका अन्य धर्मकापनि साझा सन्देश सायद यहि नै हुनु पर्नेहो क्यारे? अर्थात् धर्मले हामीलाई हमेशा रक्षा नै गर्दछ यदि हामीले पनि यदि धर्मलाई रक्षा गर्दछौ भने।अब सबाल उठ्दछ कि धर्म भन्ने केलाई त?चन्दन कण्ठी मिश्री वाणी दगाबाजकी यहि निशानी भने झै केबल घरा घण्टी बजाउनु वास्तविक धर्म हुंदै होईनन्। असल धर्म भनेको त मानव सेवा हुनु पर्नेनि? सेवा परमो धर्म किन भनिएको होला त ?




अचेल धर्मका नाममा व्यापार गर्नथालिएकोछ,नभए एक धर्मबाट अर्को धर्म परिवर्तनमा किन लागेका छन मानिसहरु ? यसैले सब भन्दा ठुलो धर्म भनेको मानव सेवा नै हो।यसपछि परोपकार तथा सदभाव भनेको असल धर्म हो।उदाहरणका लागि रक्षा बन्धन पनि एक प्रकारले पर्वका नाममा मान्छे धर्म मान्दछ र वास्तवमा भाई वहनबीच पवित्र रिस्ता भनेको एउटा नैतिक कर्तव्य बोध गराउने पर्वका रुपमा यो पनि धर्मकै एक स्वरुप हो तर,मानौ सालभरि भाई भतिजोकालागि भगवान संग दुवा नमागी,ईष्याद्वेषले राम्ररी बोलचाल पनि नराखी केबल सारी रुपैया पैसा र गर गहनाकै लोभले राखी बांध्नु वास्तविक धर्म हो र ? यसलाई त केबल अडम्बरको परम्परा नै भन्न सकिन्छ।

तर हिजो आज सालभरी मलाई लाग्छ,असी प्रतिशत दाजुभाई लाई आफना दिदीबहिनी संग सुमधुर संबन्ध हुंदैनन् अनि यो पर्वमा कुनै नकुनै लोभ लालचले गर्दा तिनीहरु राखी बन्धनकोलागि आंउछन त्यौहार मनाउन,योकतिको उपाहास जनक धर्मकै नाउमा आडम्बर भयो कि भएनन् ?

वास्तविक धर्म त दिदिबहिनी मनाउंछन् जो सालभरि आफना भाई भतिजोकालागि भगवान सित दुवा मांगेका हुन्छन् । यस्ता दिदिबहनी हुने सौभाग्य बढिमा बीस प्रतिशत दाजुभाईलाई मात्र प्राप्त भएको हुन्छ । मनमा भलो सोंचने बहिनीको आशिर्वाद मात्र भाईलाई लाग्न सक्छ र यहि असल धर्महो, र यहि निस्वार्थ प्रेम ले आजिवन दिदिबहिनीलाई आफना भाई भतिजो र दाजुलाई रक्षा गर्दछ र यसैलाई नै धर्मो रक्षति रक्षत भनिएको होला।

सब भन्दा मार्मिक प्रसंग माहाभारतका भागवत गीताबाट प्रिय पाठकवर्ग समक्ष प्रस्तुत् गर्न चाहन्छु, जुन धर्म ग्रन्थलाई त्यसै साईन्स अफ द साईन्स नभनिएको होला । निस्वार्थ र पवित्र प्रेम द्रोपतीले आफना भाइ श्रीकृष्णलाई गरेका थिए जो अबोध भाईले सानैमा खेल्दाखेल्दै आफनो औला काटी रक्ताम्य भएर छटपटार्यरहेका अवस्थामा देख्ने वितिक्कै आफ्नी ओढ्नी(शोल)चिरेर त्यसैका धागो बांधीदिए पछि रगत बन्दभएका थिए तर भाईले त्यो उपकार बदला केदेऊ तिमीलाई आग्रह गरेपनि बहिनीले अहिले होईन बाबु परेका बेला यो उपकार सधाऊनु भनेपछि उनी पनि वचनवद्ध भए र माहाभारतका संग्रममा जब कौरबले बीच सभामा नांगै हुने गरी सारी खिच्ने प्रयास गरेपछि उनी अखण्ड चीर बढाई बहिनीका लाज बचाए,अर्थात् यस्तो पो हुनुपर्छ त पवित्रप्रेम जुन वास्तविक धर्म कहलाउंछ,पहिला द्रोपतीले जुन नैतिक कर्तव्य गरि आफ्ना धर्म निभाएकी थिईन पछि त्यसकै फल स्वरुप धर्मले पनि तिनलाई रक्षा गरे।

बाली महाबली पतालका राजा जब विष्णुजीलाई पहरेदार बनाए अनि माता लक्ष्मी बालीका हातमा रक्षा बन्धनकै माध्यमले विष्णुजीलाई मुक्त गरेकी थिईन रे। यस्ता धेरै नै धार्मिक प्रसंग छन् जसले सावित गर्दछ कि धर्मो रक्षति रक्षतः जस्तै महान भक्त प्रल्हाद जसले धर्मकै पक्षमा वकालत गर्दागर्दै आफ्ना जीउ ज्यानका आहुती दिदैगरेका थिए जसलाई,रक्षागर्न प्रभुलाई अदभुत रुप नरसिंह औतार नै लिनु परेका थिए।यस्तै भक्त भिविषणलाई पनि लिन सकिन्छ,जो धर्मकै कारण आप्mनै दाईबाट पिडित थिए,जसरी प्रल्हादजी आफ्नै पिताको अत्याचार दुराचार र अधर्मबाट पिडीत थिए।यिनीहरुलाई पनि धर्मले अन्त्यमा रक्षा गरेकै थिए।

अर्का अति कहत्वपूर्ण मार्मीक तथा धार्मिक प्रसंग भिष्म धर्मी र जटायुबीच तुलना गरी अदभुत लीलाको उदाहरण प्रस्तुत गर्न सकिन्छ। सर्वप्रथम त रामायणमा जटायुजीलाई थाह थियो कि रावण संग उनि जित्न सक्दैनन् तथापी उनले धर्मका रक्षा गर्न रावण संग पनि पंगालिन पछि पर्दैनन् र सीता माता लाई बचाउन आफ्ना ज्यानको पनि आहुती दिन तयार भए। आफ्ना मृत्युलाई रोकेर राख्छन् जब सम्म भगवान आउंदैनन् उनकोसामु यति खेर नै भगवानको आगमन हुन्छ र कविद्धारा व्यक्त गरिन्छ,कि जलभरि नयन कहे रघुराई तात कर्म निजतेहि गति पाई। अर्थात् भगवानको आंखामा आसु भरेकोछ कि एउटा पंक्षी भएर जटायुजी कसरी बीर गति प्राप्त गरे? उनी मर्नेबेला पनि मुस्कुराउदै छ तर भगवान भावुक भई रुनुभएकाछ।

अर्कातर्फ यस प्रसंगका बिपरित महाभारतमा के देखिन्छ भने भीष्म जी पनि मृत्युशैयामा परेर आफ्ना मृत्युका जब पर्खाईमा हुन्छ,त्याहां भगवान कृष्णजी मुस्कुराईराखेका छन् भने भीष्म रोईराख्नुभाकोछ त्यो किन भने, सेनापतिका आसनमा र पितामहका आसनमा पनि मानुष्य भएर उनले एउटी अबला नारी द्रोपतीका लाज बचाउनेगरी धर्मका रक्षा गर्नमा असमर्थ देखिन्छ। एउटा पंक्षीले हांसी हांसी बीर गती प्राप्त गरेपनि भिष्मपितामह मानिस भएर पनि धर्मका रक्षा गर्न असमर्थ भएर नै रुंदारुंदै मत्यु प्राप्त गरेकाछन्।यसै गरी भक्त भिभिषण पनि आफना दाईलाई सीताको वापस लौटाएरधर्मका रक्षागर्नु भनी कमती सम्झाएनन्।यद्यपि रावण मानेनन्।धर्मलाई उल्टै उनी विनाश नै गर्न तर्फ लागे। जसका परिणामस्वरुप उनको मात्र विनाश भएनन्,वंशकै विनाश भयो। जहां सम्म भक्त भिभिषणले धर्मका रक्षागर्न आफ्नै दाजु रावणद्धारा कति अपमान गाली बेईज्जती अनि कुटाई पनि खानु परेको थियो।

तर अन्त्यमा सत्यकै विजय हुनेगरी धर्मले उनलाई पनि रक्षा गरेकैथियो, यति मात्र कहांहो र ? उनलाई भगवान रामचन्द्रजीले न्यायदिलाउन लंका राज्यका संपूर्ण राजपाठ नै सुम्पेर सिंहासन समेत दिलाईदिएका हुन । तसर्थ यसैकारणले यी माथिका उपरोक्त कथन सास्वत सत्यहुन कि, धर्मो रक्षति रक्षतःउदाहरणकालागि पाण्डु पुत्र पाण्डव पांच भाई धर्मीलाई पनि लिन सकिन्छ, जसलाई यिनका आफनै काका, राजा धृतराष्ठका सय पुत्रकौरवहरुले कम सताएनन्,यद्यपि यिनीहरु धर्मका रक्षाकै निम्ति अन्त्यमा महाभारत गर्नु पर्यो। जब महाभारत भयो तब एकएक गरी धृतराष्ठका पुत्रकौरबहरु एउटा पनि बांचेनन् तर पाण्डवहरु एउटा पनि मरेनन्।

अतः समग्रमा यो भन्न सकिन्छ कि, धर्मो रक्षति रक्षतः भन्नाले धर्मलाई यदि हामीले रक्षा गर्यौ भन्देखिन, ती धर्मले पनि हामी लाई अवश्य रक्षा गदर्छ नै तर धर्म भन्ने केलाई ? अहिलेको जमानामा प्रचलित धर्म भित्र यति विकृति देखापर्दछकि जसले गर्दा असल धर्म र आडम्बरबीच फरक छुयाउनै गारह्रो साह्रै गाह्रो हुंदै गएको देखिन्छ, यद्यपि मानवताका भाव ईमान्दारीता, असल मित्रता, सदभाव र भाईचरा बचाएर मानवसेवा लगाायत दीन दुःखीलाई सहारा नै असल धर्म हो, तर बिडम्बना ठुलठुला मेला लगाएर विभिन्न पर्वहरु मनाउनु देखावटी संस्कृति र आडम्बरकै केबल परम्परा चल्दै आई रहेकोछ, यसैकारणले यसमा यति विकृति भित्रिदैछ तसर्थ यस्ता विकृतिहरुलाई नियन्त्रण गर्न अनावश्यक रुढी परम्परामा परिवर्तन ल्याउनु नै आजको प्रमुख चुनौती र आवश्यकताहो भन्दै म आफ्नो सत्यवचन र ईश्वरीय प्रवचनको यंहि विश्राम दिन चाहन्छु,धन्यवाद ।

~~~

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | | जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर | सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे | पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे | दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे | तेस्रो | १८:०० बजे | १९:१२ बजे |

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभभ्रा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ्क : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आजको दिन भोगबिलास गर्ने साधनहरु प्राप्त हुनेछ, धन तथा पुत्रको लाभ होला ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मनमा उत्साह बढ्नेछ, नसोचेको स्थानबाट लाभ हुनेछ, पुत्र तथा पत्नीको साथ सहयोग प्राप्त होला।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
अनेक प्रकारका लाभ हुनेछ, धार्मिक कार्यमा मन जानेछ, उच्च पद तथा धन प्राप्त होला।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
वैदेशिक रोजगारको अवसर आउनेछ, शत्रु पक्ष कमजोर होलान्, हरेक प्रकारका सुख प्राप्त होला।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
यात्रा गर्दा सावधानी अपनाउनु होला, कुनै मालसामान हराउन सक्छ ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
लामो तथा छोटो दुरिको यात्रा गराउला, तर पनि वैदेशिक क्षेत्र भने कमजोर रहला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन कुनै रमणीय तथा नयाँ स्थानको सुखद यात्रा होला ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
पारिवारिक जीवन तथा प्रेम सम्बन्ध राम्रो हुनेछ। कुनै पनि मनोरञ्जनमा सहभागी भईएला।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
धार्मिक यात्राको योग बनेको छ, बौद्धिक कार्यमा सफलता मिल्नेछ ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
कुनै पनि रचनात्मक कार्यमा मन जानेछ, धन तथा मानमा वृद्धि गराउला।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आजको दिन हर्ष उल्लासका साथ बित्नेछ, न्यायीक क्षेत्र बलवान् देखिन्छ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
प्रेमिकाको सहयोगले अधुरा काम पूरा हुनेछन्, धेरै समयपछि आत्मीयजन सँग भेट होला।
~~~

# पन्ध्र शय्याको नगर अस्पताल स्वास्थ्य सहायकका भरमा

*अस्पतालमा डाक्टर मात्रै नभएर अन्य उपकरणसमेत पर्याप्त छैनन् । एक्सरे मेसिन सञ्चालन नहुँदा बिग्रिएको दुई वर्षभन्दा बढी भइसकेको अस्पतालका सिनियर अहेब पठी धामीले बताए । 'सामान्य उपचारका लागि आवश्यक पर्ने एक्सरे मेसिन बिग्रिएको दुई वर्ष भयो', उनले भने, 'सम्बन्धित निकायमा पटकपटक भन्दासमेत सुनुवाइ हुँदैन ।'*




**रासस**
**पर्वत ।**
कुस्मा नगरपालिका–१२, ठूली पोखरीमा रहेको नगर अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र डाक्टरविहीन बनेको छ । एक एमबिबीएस डाक्टरसहित १३ जनाको दरबन्दी रहेको अस्पताल विगत पाँच वर्षदेखि स्वास्थ्य सहायक (हेल्थ असिसटेन्ट)ले निमित्तका रूपमा चलाउँदै आएका छन् । दरबन्दीमा रहेका डाक्टर अध्ययन बिदामा गएपछि हालसम्म अन्य डाक्टर आएका छैनन् । तत्कालीन डा विवेक भण्डारी २०७५ सालमा अध्ययन बिदामा गएपछि दरबन्दीका कुनै डाक्टर आउन सकेका छैनन् ।

सुविधासम्पन्न भौतिक पूर्वाधार, एम्बुलेन्ससहित आधुनिकयन्त्र उपकरण भए पनि दरबन्दी अनुसारका चिकित्सक र प्राविधिक नआएपछि सेवाग्राही मारमा परेका छन् । अस्पतालका निमित्त प्रमुख भीमकुमारी लामिछानेले भने, 'दरबन्दीका डाक्टर नै जिल्लामा नभएर होला, भएको भए त आउनुपर्ने हो ।'

नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा दिन ग्रामीण क्षेत्रमा खोलिएको आधारभूत अस्पताल दरबन्दीअनुसारका स्वास्थ्यकर्मी नहुँदा सर्वसाधारण सामान्य बिरामी हुँदासमेत पोखरा तथा काठमाडौँ पुग्नुपर्ने बाध्यता छ । देश सङ्घीय संरचनामा गएपछि दरबन्दीमा डाक्टर आउन छाडेका हुन् । स्थानीय तह र प्रदेश सरकारले व्यवस्थापन नगरेका कारण समस्या भएको उनको भनाइ छ । दक्ष जनशक्तिकै अभावमा अस्पतालमा रहेका एक्सरे र भिडियो एक्सरे मेसिनसमेत अलपत्र बनेका छन् ।

केही समय एमबिबीएस सकेपछि अनिवार्य सेवा गर्नुपर्ने भएकाले एक/दुईजना डाक्टर आएको भए पनि उनीहरूको समेत सेवा सकिएपछि प्राथमिक स्वास्थ्य केन्द्र निमित्तको भरमा चलेको हो । अहिले स्वास्थ्य केन्द्रमा करार सेवाका एक स्वास्थ्य सहायक, एक ल्याब असिस्टेन्ट, एक स्टाफ नर्स, तीन अनमी र स्थायी एक अहेब रहेका छन् ।

कुस्मा–४ का साथै मोदी गाउँपालिका, फलेवास नगरपालिका र स्याङ्जाको आँधीखोला गाउँपालिकाका बिरामीसमेत आउने अस्पतालमा पर्याप्त स्वास्थ्यकर्मी नहुँदा समस्या भएको वडाध्यक्ष झलकप्रसाद रिमालले बताए । उनले प्रदेश सरकारसँग नगर अस्पतालको अनुमति दिन र आवश्यक स्वास्थ्यकर्मी उपलब्ध गराइदिन माग गरे पनि सुनुवाइ नभएको बताए । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र पाण्डेसँग पुगेर मागपत्र बुझाएको र उनले केही समयमै डाक्टर पठाउने आश्वासन दिएको छ महिना बितिसक्दा पनि माग पूरा नभएको अध्यक्ष रिमालले बताए ।

अस्पतालमा डाक्टर मात्रै नभएर अन्य उपकरणसमेत पर्याप्त छैनन् । एक्सरे मेसिन सञ्चालन नहुँदा बिग्रिएको दुई वर्षभन्दा बढी भइसकेको अस्पतालका सिनियर अहेब पठी धामीले बताए । 'सामान्य उपचारका लागि आवश्यक पर्ने एक्सरे मेसिन बिग्रिएको दुई वर्ष भयो', उनले भने, 'सम्बन्धित निकायमा पटकपटक भन्दासमेत सुनुवाइ हुँदैन ।'

अस्पतालमा अहिले गर्भवतीका लागि मात्रै प्रयोग हुने भिडियो एक्सरेसमेत सञ्चालन गर्ने दक्ष जनशक्ति नहुँदा समस्या परेको छ । तालिम प्राप्त स्वास्थ्यकर्मी नहुँदा गर्भवतीले नियमित सेवा पाउन सकेका छैनन् । स्टाफ नर्सले तालिम लिएर आएको भए पनि अध्ययन बिदामा जाँदा मेसिन चलाउने जनशक्ति केन्द्रमा नभएको निमित्त प्रमुख लामिछानेले बताए ।

नगरपालिकाले अस्पतालको उपचार सेवालाई प्रभावकारी बनाउन तथा चिकित्सक माग गर्ने विषयमा कुनै चासो दिएको छैन ।

जनप्रतिनिधिले प्रदेश तथा सङ्घीय सरकारअन्तर्गतको सम्बन्धित मन्त्रालयसँग छलफल भएको दाबी गरेको भए पनि अहिलेसम्म कुनै पहल भएको पाइएको छैन । नगरप्रमुख रामचन्द्र जोशीले नगर अस्पतालमा दरबन्दीअनुसार डाक्टर ल्याउन आवश्यक पहल गरिरहेको बताए ।

# टीकापुर अस्पतालमा जटिल प्रकृतिको उपचार सफल




**रासस**
**कैलाली ।**
कैलालीको टीकापुर अस्पतालमा जटिल प्रकृतिको उपचार सफल भएको छ । एकतीस हप्ताको एक किलो चार सय ५० ग्रामको बच्चालाई अस्पतालले एक महिनाको उपचारपछि घर पठाएको छ ।

टीकापुर नगरपालिका–९ झुङ्गाकी विनिता चौधरीले ३१ हप्तामै छोरी जन्माएकी थिइन् । विनिताले ३१ हप्तामै बच्चा जन्माए पनि बच्चाको तौल कम र समय कम भएकाले बच्चा बचाउन कठिन थियो । यही कठिनाइलाई अस्पतालका बालरोग विशेषज्ञ डाक्टर अमरनाथ ठाकुर र नर्सिङ अधिकृत मञ्जु पौडेल लगायतको टोलीले ३० दिन लगाएर बच्चालाई बचाउन सफल भए ।

बच्चा बचाउन सफल भएपछि चिकित्सकको टोली खुसी भएको छ । अस्पतालका बालरोग विशेषज्ञ डाक्टर ठाकुरले बच्चालाई जटिल समस्या भए पनि ३० दिनको उपचारपछि घर पठाएको बताए । 'मलाई पनि खुसी लागेको छ, बच्चा पटक–पटक श्वास फर्न बिर्सने, निलो भइहाल्थ्यो, सबैको प्रयासमा बचाउन सकियो', उनले भने, 'समय अगावैको बच्चा बचाउन निकै चुनौती हुन्छ ।'

डाक्टर ठाकुरका अनुसार यसअघि ३२ हप्ता माथिका बच्चाको उपचार भए पनि ३१ हप्ताको बच्चा पहिलो पटक उपचार गरेको र उपचारमा लामो समय लागेको हो । बच्चा घर फर्कदा एक किलो सात सय ग्राम पुगेको थियो । समय अगावै जन्मेको बच्चालाई विभिन्न खाले सङ्क्रमणको जोखिम, कमलपित्त देखिने जस्ता समस्या हुन्छन् । टीकापुर अस्पतालमा एनआइसियु सुविधा नभएकाले बच्चालाई अक्सिजनले मात्र काम नगर्दा चिकित्सकले ३० दिनको प्रयासपछि बच्चाको स्वास्थ्यमा सुधार आयो । 'सिप्याप मेसिन हामीसँग छैन, सिप्याप मेसिन नभएकाले वाटर बबलको सहायतामा बच्चालाई श्वास लिन नबिर्सियोस् भनी सघायौँ', उनी भन्छन्, 'हामीले बोतलमा पानी भरेर 'बबल सिप्याप' बनाएर सास फेर्न सहज बनायौँ ।'

डाक्टर ठाकुरले समय अगावैको बच्चा जोगाउन चुनौती धेरै हुने जनाउँदै बच्चाका अभिभावकले गरेको विश्वास र सहयोगले थप हौसला मिलेको बताए ।

उपचारका क्रममा बच्चालाई दुई पटक कृत्रिम श्वास दिनुपरेको र दुई पटक रगत चढाइएको थियो । बच्चालाई २६ दिनसम्म अक्सिजनमा राखिएको थियो । बच्चालाई उपचारकै क्रममा कमलपित्तसमेत देखिएपछि फोटो थेरापी उपचारसमेत गरिएको बताइएको छ । यसका साथै 'केएमसी' (मायाको अंगालो) पद्धती आमालाई सिकाइएर उपचार गरेको नर्सिङ अधिकृत मञ्जु पौडेलले बताइन् ।

'अभिभाभकले नआत्तिकन साथ दिए, उनीहरुको आर्थिक अवस्था पनि कमजोर थियो', उनले भन्, 'रगत पनि निःशुल्क उपलब्ध गराइयो, निकै मेहनतपछि बच्चा बचाउन सकियो ।' एक महिनाको उपचारपछि बच्चाको स्वास्थ्यमा सुधार आउँदा सुत्केरी विनिता र उनको परिवार निकै खुसी भएको छ ।

'एकातिर पहिलो सन्तान, त्यसैमाथि समय अगावै बच्चा तयारै नभएर जन्मियो', उनले भने, 'चिकित्सक भगवान हुने रहेछन्, सास नै नफेर्ने मेरो बच्चा निकै मेहनत गरेर बचाइदिनुभयो, म उहाँहरुप्रति कृतज्ञ छु, मैले ३० दिन अस्पताल बस्दा बच्चाको स्याहारबारे धेरै कुरा सिकेकी छु ।'

टीकापुर अस्पतालमा दैनिक ५० बढी बच्चा उपचारमा आउने गरेका छन् । अस्पतालमा भौतिक पूर्वाधार शय्या अभावले भर्ना हुनका लागि पालो कुर्नुपर्ने बाध्यता छ । एकाउन्न शय्याको मात्र अनुमति पाएको टीकापुर अस्पतालमा अस्पताल आफैले थपेर ७८ शय्या सञ्चालनमा ल्याएको छ । अस्पतालमा २५ देखि ३० जनासम्म बच्चा मात्रै भर्ना भएर उपचार लिइरहेका हुन्छन् ।

अस्पतालमा कैलालीको टीकापुर, भजनी, लम्कीचुहा, घोडाघोडी नगरपालिका, जानकी, जोशीपुर, बर्दगोरिया गाउँपालिकाका साथै बर्दियाको राजापुरका बिरामी पनि उपचारमा आउने गरेका छन् । अस्पतालले विशेषज्ञ सेवा दिन थालेपछि यस क्षेत्रका बिरामीलाई राहत भएको छ । विशेषगरी बालरोग सेवाले बच्चाका अभिभावकलाई ठूलो राहत भएको स्थानीय बताउँछन् ।

# सर्पले डसेका बिरामीको सेनाको सहकार्यमा प्रभावकारी उपचार



**रासस**
**काठमाडौँ ।**
नेपाली सेनाको सहयोगमा सञ्चालनमा रहेका सर्पदंश उपचार केन्द्रमा एक वर्षमा सर्पले डसेर आएका छ हजारभन्दा धेरै बिरामीको उपचार गरिएको छ ।

मुलुकका विभिन्न स्थानमा सेनाको सहयोगमा सञ्चालनमा रहेका २३ सर्पदंश उपचार केन्द्रले गत आर्थिक वर्ष २०७९÷८० मा सर्पले डसेर आएका छ हजार चार सय ६७ जनालाई उपचार सेवा प्रदान गरेको हो ।

तीमध्ये सेनाको पूर्ण स्वामित्वमा पाँच, सेना(स्थानीय निकाय र जनस्वास्थ्य कार्यालयको सहकार्यमा १४ तथा सेना र स्थानीयबीचको समन्वयमा चार वटा सर्पदंश केन्द सञ्चालनमा रहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

सर्पदंशबाट अतिप्रभावित २६ मध्ये १८ जिल्लामा सञ्चालित ती २३ केन्द्रमा २४ सैँ घण्टा सैनिक जनशक्ति परिचालित भई प्रदान गरिएको उपचार सेवाबाट सर्पले टोकेर हुने मृत्युदर घटाउन ठूलो सहयोग पुगेको छ । नेपालका तराईका सम्पूर्ण तथा भित्री मधेसका केही जिल्लालाई विषालु सर्पको बिगबिगीका हिसाबले जोखिम मानिन्छ ।

विषालु सर्पले डसेमा तुरुन्तै उपचार प्राप्त नभएमा बिरामीको ज्यानै जाने जोखिम उच्च रहन्छ । ती उपचार केन्द्रमार्फत सेनाको सहयोगमा हालसम्म एक लाख १६ हजार तीन सय ५१ जना सर्पले टोकेर आएका बिरामीको उपचार भइसकेको छ ।

त्यो बाहेक सेनाका क्षेत्रीय अस्पताल, फिल्ड एम्बुलेन्स गुल्म र विभिन्न युनिटमा रहेका स्वास्थ्योपचार कक्षले समेत आवश्यकता र स्रोत साधनको उपलब्धताअनुसार सर्पदंश, बिच्छी, खजुरोलगायतका किराले टोकेर आएका बिरामीलाई सेवा प्रदान गर्दैआएको छ ।

झापाको चारआली, मोरङको कालापानी–लेटाङ, सुनसरीको इटहरी ब्यारेक, उदयपुरको बेलका, कटारी र भुल्के, सप्तरीको कल्याणपुर, सिरहाको बन्दीपुर र चौहर्वा, धनुषाको महेन्द्रनगर ब्यारेकमा सर्पदंश उपचार केन्द्र सञ्चालनमा छ ।

झापाको चारआली र कपिलवस्तुको गोरुसिङ्गेमा विसं २०६० मा स्थापना भएका सर्पदंशसम्बन्धी पुराना उपचार केन्द्र हुन् भने महोत्तरीमा स्थापित केन्द्रले सबैभन्दा बढी उपचार सेवा प्रदान गर्दैआएको छ । विसं २०७१ मा स्थापना गरिएको महोत्तरीको बर्दिवासमा रहेको केन्द्रले सर्पले टोकेर आएका ३० हजारभन्दा बढी बिरामीलाई उपचार सेवा प्रदान गरिरहेको छ ।

सर्लाहीको लालबन्दी, पर्सा ठोरीस्थित निर्मलबस्ती, नवलपरासीको त्रिवेणी, कपिलवस्तुको गोरुसिङ्गे र बहादुरगञ्ज, दाङको गढवा, प्युठानको स्वर्गद्वारी–दिवाङ, बाँकेको ओभरी र इमामनगर ब्यारेक, बर्दियाको ठाकुरबाबा, कञ्चनपुरको अर्जुनी र कैलालीको गौरीगङ्गामा सर्पदंश उपचार केन्द्र सेनाको सहकार्यमा सञ्चालनमा छन् । विश्व स्वास्थ्य सङ्गठनका अनुसार नेपालमा बर्सेनि २० हजारभन्दा बढी मानिसलाई सर्पले डस्ने गरेको तथ्याङ्क छ । वार्षिकरुपमा एक हजारभन्दा बढीको सर्पदंशका कारण निधन हुने गरेको छ । नेपालमा खासगरी विभिन्न प्रजातिका गोमन र करेत सर्प बढी विषालु मानिन्छ ।

स्वास्थ्य विभागका तथ्याङ्कअनुसार नेपालका २६ जिल्लालाई सर्पदंशबाट अतिप्रभावित मानिएको छ । झण्डै ९० प्रजातिका सर्प यहाँ पाइन्छ । त्यसमध्ये १७ देखि २० प्रजातिका सर्पलाई विषालु मानिन्छ । पर्याप्त सचेतना र उपचारको अभावमा बर्सेनि एक हजारभन्दा बढी सर्वसाधारणको सर्पले टोकेर ज्यान गुमान परेको छ ।

विश्व स्वास्थ्य सङ्गठनले सन् २०३० सम्ममा सर्पदंशबाट हुने विश्वव्यापी मृत्यु तथा अपाङ्गतालाई ५० प्रतिशतले घटाउने लक्ष्य लिएको छ ।

नेपालमा सर्पदंश जोखिम न्यूनीकरणका लागि सरकारको प्रयासमा सेना जोडिएको छ । सोहीक्रममा सामुदायिक सर्पदंश उपचार केन्द्रमार्फत उपचारालाई छिटो र प्रभावकारी बनाउँदै सेनाले हजारौँको ज्यान जोगाउन सफल भएको छ ।

अधिकांश सर्प उपचार केन्द्र सैनिक ब्यारेकसँगै सञ्चालनमा रहेकाले बिरामीले सहज र सुरक्षित महसुस गर्दैआएका छन् । सर्पको टोकाइबाट बच्न खाटमा सुत्ने, झुल हाल्ने, जुत्ता लगाउने, राति हिँड्नु परेमा उज्यालो बालेर मात्र हिँड्ने, घर वरपरका प्वाल बन्द गर्ने र झारपात हटाउनुपर्ने हुन्छ । कदम कदाचित सर्पले टोकी हालेमा बिरामीलाई छिटोभन्दा छिटो उपचार केन्द्रमा पुर्याउन सक्नु नै बुद्धिमानी हुन्छ ।

सेनाले सर्पले डसेपछि उपचार गर्ने मात्र नभई समय–समयमा सामुदायमा पुगेर सचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ ।

# गाउँमा स्वास्थ्यचौकी नहुँदा गर्भवतीलाई सास्ती

*हिउँदमा जसोतसो गाउँसम्म गाडी पुगे पनि बर्खामा बाटोका कारण पैदल यात्रा नै सकसपूर्ण हुने स्थानीयको भनाइ थियो । 'एम्बुलेन्स आउने केराबारीडाँडा वा दोभानसम्म बिरामी बोक्न कम्तीमा दुई घन्टा लाग्छ । पानी परेको बेला चिप्लो ओरालो झर्नै सक्दैन । सुत्केरीलाई बोकेर झन कसरी झर्नु निकै समस्या छ ।'*




**रासस**
**धादिङ ।**
जिल्लाको गुर्दुम गाउँमा स्वास्थ्यचौकी नहुँदा गर्भवतीलाई उपचारका लागि सास्ती हुने गरेको छ । यहाँसम्म एम्बुलेन्स पुग्ने सडक छैनन् भने गाउँबाट सबैभन्दा नजिक मानिने स्वास्थ्य संस्था नौबिसेमा छ । सुत्केरी व्यथाले च्यापेपछि स्टेचरमा राखेर तीन घण्टाको ठाडो ओरालो झर्नु गाउँका सबैको बाध्यता हो ।

'घरमै सकुशल आमा र बच्चाको ज्यान जोगाउनु नै हाम्रा लागि ठूलो उपलब्धि हो', धुनिबेँसी नगरपालिका–७ गुर्दुमका वीरबहादुर तामाङले भने, 'गाउँमा सुत्केरी गराउने अनुभवी व्यक्ति भेटिदैनन् । कसैलाई बर्थिङ सेन्टरका बारेमा थाहा छैन ।'

उनका अनुसार श्रीमती सविना तामाङलाई स्वास्थ्यकर्मीले यही भदौ १९ गते सुत्केरी हुने दिन तोकेका छन् ।

सुत्केरीलाई पोषिलो खानेकुराको जोहो गरिसकेको भन्दै वीरबहादुरले श्रीमतीलाई सुत्केरी गराउन अस्पताल पु¥याउने चिन्ताले पिरोलेको बताए ।

'सुत्केरीका लागि आवश्यक सबै पोषिलो खानेकुरा स्वास्थ्यकर्मीले भनेअनुसार नै तयार गरेर राखेको छु', उनले भने, 'थोरै पैसाको जोहो पनि गरेको छु । तर व्यथा लागेपछि बेलैमा अस्पताल पुर्याउन सक्लिछ कि सकिदैन भन्ने चिन्ताले पिरोलेको छ ।'

गाउँका अधिकांशले सकेसम्म घरमै सुत्केरी गराउन खोज्ने गरेको बताउँदै वीरबहादुरले यो यहाँका स्थानीयको बाध्यता भएको उल्लेख गरे । उनका अनुसार कतिपयले स्वास्थ्य चौकी वा अस्पताल जाँदाजाँदै बाटैमा बच्चा जन्माउँछन् ।

'जिल्लाको धुनिबेँसी नगरपालिका वडा नं ७ तोप्लाङ, गुर्दुम, लिखु, मजुवा, धुसेनी, थलीका सबैको साझा समस्या यस्तै छ', उनले भने, 'दोभान भन्ने ठाउँसम्म एम्बुलेन्स पुग्छ । त्यहाँसम्म पुग्न दुर्गम बस्तीका स्थानीयलाई चार घण्टासम्म पैदल हिँड्नुपर्छ ।'

बिरामी अस्पताल लैजाने खबर पाएपछि गाउँका सबै आइपुग्ने भन्दै उकालोओरालो बाटोमा स्टेचरमा बिरामीरगर्भवती बोकेर स्वास्थ्य संस्थामा पु¥याउनु निकै चुनौतीपूर्ण काम भएको वीरबहादुरको अनुभव छ । 'दिउँसोमा पनि दायाँबायाँको बुटा समाउँदै हिँड्नुपर्छ । ओरालो बाटोमा राति बिरामी बोक्नयद्ध जिते बराबर हुन्छ', उनले भने, 'काहाली लाग्दो ओरालो बाटोमा बिरामी स्टेचरमा अडिएर बस्नै सक्दैन । स्टेचरबाट बिरामी नै लड्ला भन्ने डर उत्तिकै हुन्छ ।'

बर्खाको समयमा झन बाटो हिलोरलेदो हुने भएकाले यात्रा गर्न सास्ती हुने गरेको स्थानीय बताउँछन् ।

हिउँदमा जसोतसो गाउँसम्म गाडी पुगे पनि बर्खामा बाटोका कारण पैदल यात्रा नै सकसपूर्ण हुने स्थानीयको भनाइ थियो ।

'एम्बुलेन्स आउने केराबारीडाँडा वा दोभानसम्म बिरामी बोक्न कम्तीमा दुई घन्टा लाग्छ । पानी परेको बेला चिप्लो ओरालो झर्नै सक्दैन । सुत्केरीलाई बोकेर झन कसरी झर्नु निकै समस्या छ', वीरबहादुरले दुखेसो पोखे ।

उनका अनुसार व्यथा सामान्य रह्यो र गाह्रो भएन भने गाउँमै सुत्केरी गराउने चलन छ । सुत्केरी व्यथा लामो समयसम्म लाग्यो वा गर्भवतीलाई गाह्रो भयो भने मात्रै नौबिसे स्वास्थ्य चौकी लाने गरिएको फुर्लुङ डाँडाकी विष्णुकुमारी धलानले बताए ।

'घरमै सुत्केरी भयो भने नाभी काट्न जान्ने पनि कोही छैनन्', उनले भने, 'हचुवाकै भरमा छिनाल्ने चलन अहिले पनि छ ।'

सुत्केरी हुने समय नजिकै आएका केही गर्भवतीले अस्पताल छेउछाउमा कोठा भाडामा लिएर बस्ने गरेका महिला स्वयंसेविका कविता लामाले बताए ।

'अस्पताल नजिक आफन्त हुनेहरुले त्यही बस्ने गरेका छन्', उनले भने, 'अधिकांश गर्भवतीले त्यसो गर्न सक्दैनन् । व्यथाले सारै नचापेसम्म घरमै बच्चा जन्माउने कोशिष गर्ने गरेका छन् ।

'अघिल्लो वर्ष मजुवा गाउँकी दुई जना गर्भवतीले घरमै बच्चा जन्माउनुभयो । थलिको एकजना गर्भवतीलाई बोकेर नौविसे स्वास्थ्य चौकी झार्दाझार्दै बाटैमा बच्चा जन्मियो', स्वयंसेवका कविताले भनिन्, 'घरमै बच्चा जन्माउने र बाटोमा सुत्केरी हुने घटना हाम्रो गाउँका लागि कुनै नौलो घटना होइन ।' सबैभन्दा माथिको गाउँबाट बिरामी बोकेर एम्बुलेन्स पुग्ने दोभानसम्म पुग्न चार घण्टा लाग्ने उनले बताइन् ।

'अहिले दोभानसम्म मात्रै एम्बुलेन्स आइपुग्छ, त्यहाँसम्म पुग्न नजिकको गाउँबाट दुई घण्टा टाढाको गाउँबाट चार घण्टासम्म बिरामी बोक्नुपर्छ', उनले भने ।

नगर क्षेत्रभित्रका गर्भवती र सुत्केरी बोक्न एम्बुलेन्स शुल्कसमेत निःशुल्क गराएको धुनिबेँसी नगरपालिकाले जनाएको छ । 'टोलटोलमा स्टेचर पठाएका छौँ भने वडा नं ७ भित्र तीन जना महिला स्वयंसेविका पनि खटाएका छौँ', वडाध्यक्ष यदुनाथ पाठकले भने, 'गुर्दुम यहाँको दुर्गम ठाउँ भएकाले एउटा बस्तीबाट अर्को बस्तीमा पुग्न घण्टौँ हिँड्नुपर्ने बाध्यता छ ।'

सम्भव भएसम्म गर्भवतीलाई आवश्यक पर्ने सबै सेवा सुविधा दिने कोशिष गरेका गरिएको जनाउँदै उनले भौगोलिक विकटताले समस्या भइरहेको बताए ।

गाउँमा बर्थिङ सेन्टर तथा स्वास्थ्यचौकी नहुँदा यहाँका अधिकांश महिलाले ज्यान जोखिममा राखेर बच्चा जन्माउन बाध्य छन् ।

# अर्थतन्त्रलाई लयमा ल्याउने कोसिस भइरहेको छः अर्थमन्त्री



**रासस**
**काठमाडौँ ।**
अर्थमन्त्री प्रकाशशरण महतले देशको अर्थतन्त्रलाई लयमा ल्याउने कोसिस भइरहेको बताएका छन् । नेपाल आर्थिक पत्रकार समाज (सेजन) को २५औँ वार्षिक साधारणसभा तथा अधिवेशनलाई शनिबार काठमाडौँमा सम्बोधन गर्दै अर्थमन्त्री डा महतले सरकारले खस्कँदो अर्थतन्त्रलाई लयमा ल्याउने प्रयास गरिरहेको जानकारी दिए । उनले केही समस्याका बाबजुत आगामी दिनमा अर्थतन्त्र सकारात्मक दिशातर्फ जाने विश्वास व्यक्त गर्दै सरकारको कामप्रति सकारात्मक बन्न आग्रह गरे ।
‘अर्थतन्त्रमा केही समस्या आएका छन् ।
विविध कारणबाट आएका यी समस्याको समाधानको आवश्यकता छ’, अर्थमन्त्री डा महतले भने, ‘राज्य संयन्त्रबाट जहाँ कमी कमजोरी भएको छ त्यहाँ सुधारका लागि निरन्तररुपमा लागिपरेका छौँ । केही सीमितताका बाबजुद अर्थतन्त्रलाई लयमा ल्याउने कोशिस भइरहेको छ ।’
पर्यटक भित्रिने क्रम बढिरेहको, विदेशी मुद्राको पर्याप्त सञ्चिति र अन्य आर्थिक गतिविधि अघि बढाउनका लागि भएका समस्यालाई सहजीकरण गर्नेतर्फ मन्त्रालय लागिपरेको उनले जानकारी दिए ।
राजस्व सङ्कल्प अपेक्षाअनुसार नबढे पनि तुलनात्मकरुपमा गत आर्थिक वर्षभन्दा सन्तोषजनक रहेको अर्थमन्त्री डा महतको भनाइ छ । राज्यका विभिन्न निकायले लिने निर्णयका कारण आर्थिक गतिविधिमा प्रभाव परेको उल्लेख गर्दै उनले आवश्यकताअनुसार सहजीकरण गर्न सरकार तयार रहेको बताए । अर्थतन्त्र सुधारोन्मुख बनाउन सकारात्मक ‘डिस्कोर्स’को आवश्यकता भएको उनले बताएका छन् । ‘राज्य संयन्त्रका सबै अङ्गले एउटै लयमा एउटै लक्ष्यका लागि काम गर्न नसक्दा जानेर नजानेर गर्न नसक्दा पनि समस्या आएका छन्’, अर्थमन्त्री डा महतले भने, ‘निजी क्षेत्रमा लगानीको जोखिमलाई वास्तविकताको धरातलमा रहेर यथार्थ मूल्याङ्कन गर्न आवश्यक छ ।’
निजी क्षेत्रको गतिविधिलाई धेरै माइक्रो म्यानेजमेन्ट गर्नतर्फ लाग्दा समस्या आउने उल्लेख गर्दै उनले बृहत् नीतिगत ‘फ्रेमवर्क’ भित्र कार्यान्वयनमा लग्नुको महत्वबारे स्पष्ट पारे । यस्तै निजी क्षेत्रले आत्मनियमन अवलम्बन गर्नुपर्नेमा उनले जोड दिए । छाता सङ्गठनले एउटा मूल्य र मान्यतामा आधारित रहेर काम गर्न आत्म नियमनकर्ताको भूमिका निर्वाह गर्न मन्त्री डा महतको सुझाव छ ।
वैदेशिक सहयोग लिदा नेपालको आवश्यकता र प्राथमिकताका आधारमा मात्र लिने उनले प्रतिबद्धता व्यक्त गरे ।
नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रले दिएको सुझाबलाई कार्यान्वगन गर्न सरकारसँग माग गरे । उनले सरकारी निकामनकारी निकायबाट प्रवाह हुने सूचनालाई सबैको पहुँचमा सहज रुपमा पु¥याउनसमेत अर्थमन्त्री डा महतसमक्ष सुझाव प्रस्तुत गरे ।
नेपाल उद्योग परिसङ्घका कार्यबाहक अध्यक्ष वीरेन्द्रप्रसाद पाण्डे र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले खस्कदो अर्थतन्त्रलाई सुधार गर्न एकजुट भएर अघि बढन् आह्वान गरे । कार्यक्रममा सेजनका संस्थापक अध्यक्ष प्रतीक प्रधानले नविन प्रविधि र सामाजिक सञ्जालको बढ्दो प्रयोग पत्रकारिताका लागि चुनौती बन्ने बताए । उनले इमान्दारपूर्वक व्यावसायिक पत्रकारिता गर्न सुझाव दिँदै सेजनको नेतृत्व चयन निष्पक्ष र स्वच्छ रुपमा सम्पन्न गर्न सुझाव दिए ।
यस्तै सेजनका पूर्वअध्यक्षहरु गोकर्णराज अवस्थी, भीम गौतम र पुष्पराज आचार्य, नेपाल पत्रकार महासङ्घका महासचिव रोसन पुरीलगायतले सेजन र समग्र पत्रकारिताको शुद्धिकरणबारे आ–आफ्नो धारणा राखे ।

# गुर्जालाई जडीबुटी खेतीको अध्ययन केन्द्र बनाइँदै



**रासस**
**म्याग्दी ।**
म्याग्दीको उपल्लो लेक धौलागिरि गाउँपालिका–१ गुर्जाको सामुदायिक वनमा गरिएको जडीबुटी खेती प्रभावकारी बन्दै गएको छ ।
तीन वर्ष अघिदेखि गुर्जाको पिउथिवा सामुदायिक वन उपभोक्ता समूहले गुर्जा नाइलीवाङको करिब १० रोपनी जमिनमा अतिस र सेदकचिनी (खिरौला) लगायतका विभिन्न जातको जडीबुटी खेती सुरु गरेको थियो ।
डिभिजन वन कार्यालयको सहयोगमा एक लाख ३५ हजार अतिस र खिरौलाका बिरुवालगायत अन्य बहुमूल्य जडीबुटी निकै राम्रोसँग फस्टाउँदै गएकाले गुर्जालाई जडीबुटीको ‘हब’ र अध्ययन केन्द्र बनाउन लागिएको धवलागिरि–१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले बताए ।
समूहमा आबद्ध २५ जनाले सामूहिक रूपमा श्रमदान गरेर बाँझो जमिन खनजोत गरेर रोपेका बिरुवा अहिले उत्खननयोग्य बनेका उनले बताए । जडीबुटीको संरक्षणका लागि स्थानीय प्रविधिको प्रयोग गरेर ढुङ्गाको एक सय पाँच मिटर लामो पर्खालसमेत निर्माण गरिएको छ ।
‘हामीले जडिबुटी खेतीको पनि परीक्षण गरिसक्यौँ’, वडाध्यक्ष छन्त्यालले भने, ‘परीक्षण सफल भयो, अब हामीले गुर्जालाई देशैभरिका अध्ययेताका लागि लक्षित गरी जडीबुटी अध्ययन केन्द्र बनाउने तयारी गरेका छौँ ।’
उनका अनुसार यहाँ अतिस, विषमा, खिरौला, विषजरा, पदमचाल, अमलवेद लगायतका दुई दर्जन बढी प्रजातिका जडीबुटीको खेती सुरु गरिएको छ ।
डिभिजन वन कार्यालयले गत आर्थिक वर्ष २०७९÷८० मा जडीबुटी खेतीका लागि चार लाख ८० हजार रुपैयाँ सहयोग गरेको वडाध्यक्ष छन्त्यालले जानकारी दिए । ‘उपभोक्ताले कूल लागतको १० प्रतिशत लागत साझेदारी गरेका छन्’, उनले भने, ‘प्राकृतिक रूपमा रहेका जडीबुटी संरक्षण तथा व्यवस्थापन कार्यक्रममार्फत कार्यालयले सहयोग गरेको हो ।’
यसअघि परीक्षणका लागि गरिएको जडीबुटी खेती सफल भएपछि व्यावसायिक खेती विस्तार गरिएको हो ।
बाँझो खेतीयोग्य जमिनको सदुपयोग, संरक्षण र स्थानीयको आयआर्जन सुधारका लागि जडीबुटी खेती विस्तार गरिएको जडीबुटी खेती समूहका अध्यक्ष तुलसी छन्त्यालले जानकारी दिए । ‘यसअघि गरिएको खेती सफल भयो, यहाँको भूगोल र हावापानी जडीबुटी खेतीका लागि अनुकूल छ’, उनले भने, ‘बाँझिएको खेतीयोग्य जमिनको संरक्षण र सदुपयोग पनि भएको छ ।’
विसं २०७७ मा सात हजार बिसजरा जातको जडीबुटीका बिरुवा रोपिएका थिए । विसं २०७८ मा हिमाली कृषि सहकारी संस्थामा आवद्ध किसानले दुई रोपनी जग्गामा अतिसका बिरुवा रोपेका थिए ।
बजारमा अतिस, खिरौला र बिसजराको माग उच्च छ ।
समुद्री सतहदेखि तीन हजार दुई सयदेखि तीन हजार सात सय मिटरको भूगोलमा हुने अतिस कफ, पित्त थैली, ज्वरो, वान्ता हुने, पखला लाग्ने, चिसो लागेको समस्या समाधानका लागि प्रयोग हुन्छ । यसले अपच हुने, शरीरको विभिन्न भागको दुखाइ, उत्तेजना नहुने, जुकाजस्ता समस्या समाधानको लागि पनि महत्वपूर्ण उपचार पद्धतिको रूपमा अतिस प्रयोग हुन्छ ।

# हवाई डढेलोः तीन सय पचासी जना बेपत्ता



**सिन्ह्वा**
**लस एन्जलस ।**
अमेरिकाको हवाई राज्यको माउइ टापुको जङ्गलमा लागेको आगलागीपछि तीन सय ८५ जना अझै बेपत्ता भएका छन् । माउइ प्रहरी विभाग र अमेरिकी सङ्घीय अनुसन्धान ब्यूरोले शनिबार संयुक्तरुपमा एक विज्ञप्ति निकालेर जानकारी दिएको हो । माउइ जङ्गलमा लागेको डढेलो मानव बसोबास भएका स्थानमा फैलदा त्यसमा परेर एक सय १५ जनाले ज्यान गुमाएका छन् ।
अधिकांशको मृत्यु माउइको समुद्री किनारको लहाइनमा गत साउन २३ गते लागेको डढेलोमा परेर भएको हो ।
प्रचण्ड गर्मीमा ठूलो विपत्ति बनेर आउने वन डढेलो टापुराज्य हवाईका निम्ति अभिषाप बनेको छ । दशकौँपछि भएको यो प्राकृतिक विपत्तिमा सुनामीमा भन्दा धेरैले ज्यान गुमाएका छन् । सन् १९६० को सुनामीमा ६१ जनाको मृत्यु भएको थियो भने १४ वर्षअघिको सुनामीमा भने एक सय ६० जनाले ज्यान गुमाएका थिए ।

# जेलमा रहेका इमरान खानलाई वकिलसँग भेट्न दिइएन



**एएनआई**
**अट्टक ।**
पाकिस्तान तहरीक–ए–इन्साफ (पिटिआई) का प्रमुख इमरान खानका वकिलहरूलाई प्रहरीले उनलाई अट्टक जेलमा भेट्न अनुमति नदिएको एआरवाई न्यूजले जनाएको छ । पिटिआईका अनुसार वकिल शीराज अहमद रान्झा र गोहर अलीलाई प्रहरीले नेता खानलाई भेट्नबाट रोकेको हो । कानुन व्यवसायी गोहर अलीले पत्रकारहरूलाई जानकारी दिएअनुसार अदालतको आदेशको बाबजुद पूर्वप्रधानमन्त्रीसँग भेट गर्न नदिइएको हो । अदालतले नेता खान र उनका छोराहरूबीच टेलिफोनमा कुराकानी गर्न दिएको अनुमतिको पनि जेलका अधिकारीहरूले अवज्ञा गरेका उनले बताएका छन् ।
इस्लामावाद उच्च अदालतले मङ्गलबार नेता खानलाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो तर गोप्य सरकारी दस्तावेज सार्वजनिक गरेको अभियोगमा उनलाई जेलबाट मुक्त गर्नुअगावै न्यायिक हिरासतमा राख्न विशेष अदालतले आदेश दिएको थियो ।
पाकिस्तानका सबैभन्दा लोकप्रिय राजनीति नेता खान गत वर्ष सत्ताबाट हटेदेखि धेरै कानुनी झमेलामा फसेका छन् । उनीविरुद्ध दुई सय वटा मुद्दा लगाइएका छन् ।
नेता खानले आफूलाई आगामी चुनाव लड्नबाट रोक्न गरिएको षडयन्त्रअनुरुप ती मुद्दा लगाइएको दाबी गरेका छन् । औपनिवेशिक युगको गोप्य कानुनअन्तर्गत नेता खानलाई दुई हप्ता थुन्न विशेष अदालतले आदेश दिएको थियो । सैन्य मुद्दा चलाउन प्रयोग हुने कानुन उनीविरुद्ध लगाइएको सफदरले बताए । भ्रष्टाचारको आरोपमा खानमाथि गरिएको तीन वर्षको जेल सजाय मङ्गलबार नै उल्ट्याइएको थियो ।

# राखेपद्वारा खेलाडीलाई व्यवहारिक शिक्षा

**काठमाडौँ ।**
अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता हुने क्रममा नेपाली खेलाडीमा डोपिङलगायत अन्य व्यवहारिक पक्षमा पूर्ण जानकारी नहुँदा समस्या हुने गरेको छ । अन्तर्राष्ट्रिय प्रतियोगिता खेलाडीबाट भएका गल्ती र कमी कमजोरीका कारण नेपालले जरिवाना पनि तिर्नुपरेका घटना छन् । तर, यस पटक भने नेपाली खेलकुदको कार्यकारी निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले अन्तर्राष्ट्रिय प्रतियोगिता अगाडि डोपिङलगायत अन्य व्यवहारिक पक्षमा खेलाडीलाई शिक्षा प्रदान गरिरहेको छ । वल्ड एन्टी डोपिङ कोड(वाडा)ले प्रतिवन्धित गरेको औषधि खेलाडीले अज्ञानतापूर्वक प्रयोग गरेमा पनि त्यसलाई डोपिङ मानिन्छ । जसको कारण खेलाडीको करियर नै समाप्त हुनसक्छ । त्यसैले खेलाडीलाई डोपिङसम्बन्धि पूर्ण ज्ञान आवश्यक हुन्छ । चीनको हाङझाव शहरमा




आगामी सेप्टेम्बर २३ देखि १९औं एशियाली खेलकुद हुँदैछ । प्रतियोगिता अगाडि राखेपले खेलाडीहरूलाई प्राविधिक प्रशिक्षणसँगै अन्य विभिन्न पक्षमा शिक्षित गराउने काम गरिरहेको छ । एशियाली खेलकुदमा नेपालका २९ खेलका २३४ खेलाडीले प्रतिष्पर्धा गर्दैछन् ।
खेलकुदलाई लक्षित गरेर राखेपले उनीहरूको प्रदर्शनमा आत्मबल मिल्ने किसिमका कार्यक्रमहरू सञ्चालन गरेको छ । यसअघि डोपिङ शिक्षा प्रदान गरेको राखेपले शनिवार डाइनिङ इटिक्विटी ओरियन्टेसन कक्षा सञ्चालन गरेको छ । लगनखेलमा भएको ओरियन्टेसनमा एशियाली खेलकुदमा सहभागी हुने खेलाडी तथा प्रशिक्षकको सहभागिता रहेको थियो । ओरियन्टेसन कक्षालाई चार चरणमा सञ्चालन गरिएको थियो । राखेपले गठन गरेको १९औं एशियाली तयारी समितिले यी कार्यक्रम सञ्चालन गरेको हो । साथै राखेपले अब तेस्रो चरणमा खेलाडीहरूको मोटिभसनको कार्यक्रम पनि सञ्चालन गर्दैछ । राखेपले १९औं एसियाडमा खेलाडीहरूको प्रदर्शनमा उच्च आत्मबल बढ्ने अन्य कार्यक्रम पनि सञ्चालन गर्ने जनाएको छ ।

# जोहानेसवर्ग आगलागीः मृतकको संख्या ७५ बढी



**एपी**
**जोहानेसवर्ग ।**
दक्षिण अफ्रिकाको जोहानेसवर्गको मध्यभागमा अवस्थित पाँच तले एक भवनमा आगो लाग्दा ७५ जना भन्दा बढीको जलेर ज्यान गएको छ भने अन्य ८८ जना घाइते भएका छन् । शुक्रबार दुई जना घाइतेको उपचारका क्रममा अस्पतालमा मृत्यु भएसँगै ज्यान गुमाउनेको सङ्ख्या ७६ पुगेको हो ।
स्वास्थ्यमन्त्री जो पहालाका अनुसार ६२ जनाको शरीर पहिचान गर्न नसकिने गरी जलेकाले डिएनए परीक्षणका निम्ति सम्बद्ध निकायलाई निर्देशन दिइएको पत्रकारहरूलाई बताएका छन् ।
स्थानीय सञ्चारमाध्यमका अनुसार २० जना विदेशी नागरिकको पनि मृत्यु भएको छ । कामको खोजीमा दक्षिणअफ्रिका आएका मलावी र ताञ्जानियाका आप्रवासीको मृत्यु भएको जनाइएको छ । प्रिटोरियास्थित ताञ्जानियाको उच्चायुक्तको कार्यालयले आफ्नो देशका पाँच जनाको जलेर ज्यान गएको पुष्टि गरेको छ । केही वर्षअघिसम्म शहरको प्रमुख आर्थिक एवं व्यापारिक केन्द्रमा रहेको भवनमा घरबारविहीन स्थानीय जबरजस्ती बसेका बताइएको छ ।
सरकारी स्वामित्वको भवनमा समस्या भएको सन् २०१९ देखि आफूहरूलाई जानकारी रहेको सरकारी अधिकारीहरूले स्वीकार गरेका छन् । घरबारविहीन व्यक्ति कुनै औपचारिक भाडा सम्झौता बिना नै भवनमा बसेका थिए । दक्षिण अफ्रिकाको संसद्ले घटनाको अनुसन्धान गर्न निर्देशन दिएको छ । प्रहरीले पनि आपराधिक मुद्दा दर्ताको तयारी गरेको छ । यद्यपि कुन निकायलाई विपक्षी बनाइयो भन्नेबारेमा स्पष्ट भएको छैन ।
बिहीबार घटनास्थलको भ्रमण गर्नुभएका दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले दुर्घटना आंशिक रूपमा भवन कब्जा गर्ने र घरबारविहीनलाई त्यहाँ बस्न अनुमति दिने आपराधिक तत्वका कारण भएको बताएका छन् । उनले महानगरको आवास समस्यालाई सम्बोधन गर्नुपर्नेमा जोड दिँदै राष्ट्रिय एवं स्थानीय सरकारलाई संवदेनशील हुन आग्रह गरे ।
जोहानेसबर्गको आवास सङ्कट समाधान गर्न सरकार गम्भीर नभएको आरोप लगाउँदै जोहानेसबर्गका पूर्वप्रमुख हर्मन मशाबाले राष्ट्रपति रामाफोसाको आलोचना गरेका छन् । राष्ट्रपतिले यो घटनालाई दुःखदायी भनेरमात्र नपुग्ने भन्दै २५ वर्षदेखि शहरले भोगेको समस्यालाई रातारात सृजना भएझै प्रस्तुत हुनु आपत्तिजनक भएको उनले बताएका छन् । दक्षिण अफ्रिकामा घरवारबिहीनहरू विविध कारणले बिग्रेभत्केका तथा राज्यले परित्याग गरेका भवनमा बलपूर्वक बस्ने गरेका छन् । त्यस्ता घर ‘कब्जा गरिएका भवन’का रुपमा चिनिन्छन् ।

# आदित्य एल–१ अन्तरिक्षमा



**एएनआई**
**नयाँदिल्ली ।**
चन्द्रमाको दक्षिणी ध्रुवमा चन्द्रयान–३ सफलतापूर्वक अवतरण गरेको एक सातापछि भारतले सूर्यको अध्ययन गर्न शनिबार आदित्य एल–१ अन्तरिक्षमा प्रक्षेपण गरेको छ । आन्ध्र प्रदेशको श्रीहरिकोटाको सतीश धवन अन्तरिक्ष केन्द्रबाट शनिबार बिहान सूर्ययान अर्थात् आदित्य एल–१ प्रक्षेपण गरिएको हो । सूर्यको अध्ययनका लागि प्रक्षेपण गरिएको भारतको यो पहिलो सूर्ययान हो । आदित्य एल–१को सहयोगमा अन्तरिक्षमा अनुसन्धान कक्ष स्थापना गरिने भारतीय अन्तरिक्ष अध्ययन केन्द्र (इसरो)ले जनाएको छ । यसैबीच, भारतका विदेशमन्त्री सुव्रमन्यम जयशङ्करले सूर्ययानको सफल प्रक्षेपण गरेकामा इसरोका वैज्ञानिकहरूप्रति बधाई ज्ञापन गर्दै भारतको अन्तरिक्ष इतिहासमा नयाँ इतिहास रचना भएको बताएका छन् ।
सूर्ययान सफलतापूर्वक प्रक्षेपण भएकामा त्यसले विश्वभर देशको प्रतिष्ठा बढाएको बताए ।
यो अन्तरिक्ष यानले पृथ्वीबाट १५ लाख किलोमिटरको दुरी पार गर्ने छ, जुन पृथ्वी र सूर्यको दुरीको १ प्रतिशत हो ।
भारतीय स्पेस एजेन्सीका अनुसार लेगरञ्ज प्वाइन्टमा पुग्न यो अन्तरिक्ष यानलाई चार महिना लाग्ने छ । लेगरञ्ज प्वाइन्ट त्यो ठाउँ हो, जहाँ सूर्य र पृथ्वीको गुरुत्वाकर्षण बल सन्तुलित हुनेछ । यहाँ एक किमिसको न्यूट्रल प्वाइन्ट विकसित हुन्छ, जहाँ अन्तरिक्ष यानको इन्धनको सबभन्दा कम खपत हुनेछ । यो ठाउँको नाम फ्रान्सेली गणितज्ञ जोसेफ लुइस लेगरञ्जको नामबाट राखिएको हो । उनले १८ औं शताब्दीमा यो विन्दुको बारेमा खोज गरेका थिए ।
आदित्य –एल १ लेगरञ्ज प्वाइन्टमा पुगेमा यसले सूर्यको सबभन्दा बाहिरी सतहको कामको अध्ययन गर्नेछ । यो मिसनले दिने जानकारीबाट सूर्यका बारेमा मानव समुदायको बुझाइ अझ राम्रो बनाउन महत्वपूर्ण हुने विश्वास लिइएको छ ।
सूर्यको अध्ययन गर्ने यो पहिलो मिसन भने होइन । यसअघि नासा र युरोपियन स्पेस एजेन्सी (ईएसए)ले पनि यही कामका लागि सूर्य मिसन पठाएका छन् । भारत सरकारले २०१९ मा यो प्रोजेक्टलाई अनुमति दिएको थियो, जसको लागत करिव ४.६ करोड डलर थियो ।


# ४४ लाखसहित दुई पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
शुक्रबार राति सिरहा नगरपालिका–१७ कालीचोकमा जाँच गर्ने क्रममा कारको सिटमुनि लुकाई राखेको अवस्थामा स्रोत नखुलेको ४४ लाख रुपैयाँ बरामद भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।
पक्राउ पर्नेमा सिरहा नगरपालिका–१७ माडरका प्रेमकुमार यादव र ७ नम्बर वडाका सञ्जयकुमार साह रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रविन्द्रराज पाण्डेले जानकारी दिए ।
 बरामद रकमसहित दुवै जनालाई आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय इटहरी पठाइएको उनले बताए ।

# पत्रकार गुप्तामाथि आक्रमण गर्ने समूहमाथि कारबाही गर्न महासंघ मधेश समितिको माग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिले सिरहामा पत्रकारमाथि भएको आक्रमणका दोषीलाई कारवाहीको माग गरेको छ ।
महासंघ मधेश प्रदेश समितिले शनिबार एक प्रेश विज्ञप्ती जारी गर्दै नेपाल पत्रकार महासंघ सिरहाका पुर्व अध्यक्ष दिनेश्वर गुप्तालाई समाचार संकलन गर्दै गरेको समयमा कमलेश यादवको नेतृत्वमा रहेको समुहले आक्रमण गरि मोवाईल समेत लुटपाट गरेकोले घटनाको छानविन गरि सम्पुर्ण दोषीहरुलाई पक्राउ गर तत्काल कानुन बमोजिम कारवाही गर्न माग गरेको छ ।
दोषीमाथि कारवाही नभएको खण्डमा पत्रकारहरु संघर्षमा उत्रिने चेतावनी समेत दिएको छ ।
महासंघ मधेश प्रदेश समितिका अध्यक्ष राजेश कुमार कर्णले जारी गरेको विज्ञप्तीमा लेखिएको छ,कही समय यता मधेश प्रदेशका विभिन्न जिल्लाका पत्रकारहरुमाथि निरन्तर आक्रमण हुदै आएको छ,पत्रकारहरुमाथि यसरी भइरहेको आक्रमणप्रति स्थानिय प्रशासन र सरकार मौन देखिएको र मधेश प्रदेशमा निरन्तर रुपमा पत्रकारहरुमाथि भइरहेको आक्रमणले प्रेस स्वतन्त्रता कुण्ठित हुने अवस्थामा पुग्न थालेको तथा यसप्रति नागरिक समाज गम्भीर हुनुपर्नेको साथै राज्यको चौथो अंगको रुपमा रहेको प्रेस जगतमाथि निरन्तर भइरहेको आक्रमण मौलिक हकमाथि नै आक्रमण भइरहेको हाम्रो ठहर छ । पछिल्लो पटक नेपाल पत्रकार महासंघ सिरहा शाखाको पुर्व अध्यक्ष दिनेश्वर गुप्तामाथि पनि आक्रमण भएको छ,विज्ञप्तीमा उल्लेख गरिए अनुसार सिरहा जिल्लाको नवराजपुर नगरपालिका ३ फुलवरिया स्थित सार्वजनिक पोखरीको विवाद सम्बन्धि समाचार संकलन गर्ने क्रममा गुप्तामाथि आक्रमण गरिएको र पालिकाको टयाक्टर तोडफोड भइरहेको बेला फोटो खिच्न लाग्दा सामुहिक रुपमा आक्रमण र लुटपाट समेत गरिएको विज्ञप्ती उल्लेख गरिएको छ ।


नेपाल पत्रकार महासंघ
प्रदेशिक कार्य समिति
मधेश प्रदेश,जनकपुरधाम, नेपाल
च.नं.
प.सं.
मिति : २०८०/५/१६

प्रेस विज्ञप्ति

केही समययता मधेश प्रदेशका विभिन्न जिल्लाका पत्रकारहरुमाथि निरन्तर आक्रमण हुँदै आएको छ। पत्रकारहरुमाथि यसरी भईरहेको आक्रमणप्रति स्थानीय प्रशासन र सरकार मौन देखिएको छ। मधेश प्रदेशमा निरन्तर रुपमा पत्रकारहरुमाथि भईरहेको आक्रमणले प्रेस स्वतन्त्रता कुण्ठित हुने अवस्थामा पुग्न थालेको छ। यसप्रति नागरिक सामाज गम्भीर हुनैपर्छ। राज्यको चौथौ अंगको रुपमा रहेको प्रेस जगतमाथि निरन्तर भईरहेको आक्रमण हुनु मौलिक हकमाथि नै आक्रमण भईरहेको हाम्रो ठहर छ।

पछिल्लो पटक नेपाल पत्रकार महासंघ सिरहा शाखाको पूर्व अध्यक्ष दिनेश्वर गुप्तामाथि पनि आक्रमण भएको छ। सिरहा जिल्लाको नवराजपुर नगरपालिका-३ फुलवरिया स्थित सार्वजनिक पोखरीको विवाद सम्बन्धी समाचार संकलन गर्ने क्रममा गुप्तामाथि आक्रमण भएको हो। पालिकाको ट्र्याक्टर तोडफोड भईरहेको वेला फोटो खिच्न लाग्दा पूर्व अध्यक्ष गुप्तामाथि कमलेश यादवको नेतृत्वमा रहेको समूहले आक्रमण गरी मोवाइल समेत लुटपाट गरेका थिए। यस घटनाको छानविन गरी सम्पूर्ण दोषीहरुलाई पक्राउ गरी तत्काल कानून बमोजिम कारवाही गर्न माँग गर्दछौं। दोषीमाथि कारवाही नभएको खण्डमा पत्रकारहरु संघर्षमका उत्रिने चेतावनी समेत दिन चाहन्छौं।

राजेश कुमार कर्ण
अध्यक्ष

# घरजग्गा व्यवसायी संघमा पजियार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम घरजग्गा व्यवसायी संघको अध्यक्षमा रंजित कुमार पजियार चयन भएका छन् ।
शनिवार संघमा भएको बैठकबाट संघको वरिष्ठ उपाध्यक्षमा विजय कुमार यादव,उपाध्यक्षमा अनिल पंजियार चयन भएका छन् ।
त्यसैगरि संघको महासचिवमा सुरेन्द्र कुमार साह र कोषाध्यक्षमा महादेव महतो चयन भएका छन । संघको सदस्यहरुमा क्रमशः प्रताप नारायण मण्डल,प्रमोद कुमार सिंह,मो.मंसुर अली,हरिशंकर यादव र संजय कुमार महतो लगायतका रहेका छन् ।

# सांसद यादवद्वारा पुस्तकालय भवन उद्घाटन्



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका प्रदेशसभा सदस्य रामअशिष यादवले धनुषाको बफैमा पुस्तकालय भवनको समुद्घाटन गरेका छन् ।
विदेह नगरपालिकाको बफै टोलमा राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा नवनिर्मित श्री चन्द्रोदय पुस्तकालय भवनको समुद्घाटन् गर्दै सांसद यादवले संस्कार सहित समृद्धिको लागि पुस्तकालयले शिक्षाको सुधारमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताए । सांसद यादवको संसदीय कोषबाट २५ लाख रुपैयाँको लागतमा नवनिर्मित पुस्तकालय भवनको प्राङ्गणमा पर्यावरण संरक्षणको सन्देश दिदै वृक्षारोपण र अमलाको बिरुवा समेत वितरण गरिएको छ ।
जनकपुरधाम काव्या होस्पिटल संस्थापक डा एस के सिंहको सहयोगबाट पुस्तकालयका लागि एक थान बाल घडी ,केही किताब र समाजसेवी मनोज रुंगटाको सहयोगबाट धार्मिक किताब सहयोग प्रदान गरिएको छ ।
कार्यक्रममा पुस्तकालयका संस्थापक ठकु प्रसाद साह,जिबछ साह र रामविफरलाश ठाकुरलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।
वि स २०२५ सालमा स्थानीय समाजसेवी ठकु प्रसाद साह,जिबछ साह,रामविलाश ठाकुर ,स्व रामनाथ जी,स्व युगेश्वर दासको सक्रियता ५५ वर्ष पुर्व सो चन्द्रोदय पुस्तकालय बफैको स्थापना गरिएको शिक्षक ब्रम्हदेव साहले जानकारी दिए ।
श्री चन्द्रोदय पुस्तकालय बफैका संस्थापक अध्यक्ष ठकु प्रसाद साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पुस्तकालय जग्गा दाता परिवार मनेन्द्र निधि ,पुस्तकालय संस्थापक जिवछ साह,शिक्षक ब्रम्हदेव साह, सांझ ट्युसन सेन्टरका परिकल्पनाकार समाजिक अभियन्ता जयनाथ अधिकारी ,पुर्व वडा अध्यक्ष राजकिसोर राउत,समाजसेवी राजकुमार मंडल ,युवा नेता वरुण शर्मा सहितका वक्ताहरुले पुस्तकालयको महत्व र पुस्तकालयका निर्माणका लागि महत्त्वपूर्ण योगदान दिएका समाजसेवी नेता यादव र जग्गा दाता स्व महेन्द्र नारायण निधिको योगदानको मुक्त कंठले गरेका थिए ।

# मन्दिर फोहोरमुक्त बनाउन पहल



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामका प्रतिष्ठित युवा कल्प महावीर युवा कमिटिले जनकपुरधामको राममन्दिर र राजदेवी मन्दिरलाई फोहोरमुक्त बनाउने निर्णय गरेको छ ।
शनिवार कमिटिको भएको बैठकबाट मन्दिरलाई सरसफाई र सौन्दर्यीकरण गर्ने सम्बन्धि आठ बुँदे निर्णय गरेको हो ।
कमिटिका अध्यक्ष अजय कुमार गुप्ताले दिएको जानकारी अनुसार राजदेवी मन्दिरको पश्चिम उत्तर कुनामा रहेको फोहोर कन्टेनर तुरन्त हटाउने र सम्पुर्ण पसलेहरुसंग आ आफनो पसल अगाडी एउटा डस्टविन राख्न तथा फोहर बाटोमा नराख्न आग्रह गर्ने निर्णय गरेको छ ।
त्यसैगरि सम्पुर्ण व्यपारी तथा घरपटीहरुलाई आ आफनो फोहर नगरपालिकाको टयाक्टरमा राख्न सूचना दिइने छ भने फोहर उठाउने टयाक्टरको समय निर्धारण स्थानियको सल्लाह अनुसार नगरपालिका र वडाध्यक्षसंग समन्वय गरि व्यवस्थापन गर्ने निर्णय गरेको छ । फोहर फाल्ने गरेको ठाँउमा सिसि टिभी क्यामेरा जडान गर्ने देखि राममन्दिर तथा राजदेवी मन्दिर वरिपरि फोहर नफाल्न सूचना सहित चिठी पठाउने निर्णय गरिएको अध्यक्ष गुप्ताले बताए ।
राजदेवी मन्दिर वरिपरि दजर्नौ नास्ताका ठेलाहरु लाग्ने गरेको ले त्यसबाट फोहरको समस्या बढदै गएकोले राजदेवी मन्दिर वरिपरि लाग्ने अव्यवस्थीत ठेलाहरु नलगाउन अनुरोध सहित नगर प्रहरी कमिटिले परिचालन गरि व्यवस्थापन गर्नेे तथा फोहर व्यवस्थापनमा केहि आवश्यकता परेमा वडा नं ३,४,५ का अध्यक्षसंग समन्वय गरि काम गर्ने निर्णय  गरिएको अध्यक्ष गुप्ताले जानकारि दिएका छन् ।

# 'जनकपुर नेपाली जुत्ता घर' सञ्चालनमा




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामा 'नेपाली उत्पादनको प्रवर्द्धन हाम्रो अभियान' मुल नारा सहित नेपाली उत्पादनका जुत्ताचप्पलको संयुक्त शोरुम 'जनकपुर नेपाली जुत्ता घर' संचालनमा आएको छ ।
जनकपुरधाम उपमहानगरपालिकाको शिव चोक, स्टेशन रोडमा (नगरपालिकाको गेटको छेउमै) रहेको जनकपुर नेपाली जुत्ता घरको विहीबार जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साह, उपमेयर किशोरी साह, जनकपुर उद्योग बाणिज्य महासंघका अध्यक्ष जितेन्द्र महासेठले संयुक्तरुपमा उद्घाटन गरेसँगै संचालनमा आएको हो । नेपालका प्रख्यात ब्राण्डहरुले संयुक्तरुपमा संचालनमा ल्याएको शोरुममा नेपाली उत्पादनका स्वदेशी गुणस्तरीय जुत्ताचप्पलहरु उपलब्ध रहेका छन् ।
जनकपुरधाममा स्वदेशी उत्पादनका जुत्ताचप्पलको भब्य शोरुम संचालनमा आएकोमा मेयर साहले खुशी व्यक्त गरे । उनले संचालकहरुलाई व्यवसायिक सफलताको शुभकामना दिदै स्वदेशी जुत्ताचप्पलको प्रयोग बढाउनका लागि उपमहानगरपालिकाले सहयोग र सहकार्य गर्ने प्रतिबद्धता जनाए । नेपाली उत्पादनका स्वदेशी जुत्ताचप्पललाई स्थानीयतहमा पुश्याउने र नेपालीहरुलाई स्वदेशी जुत्ता प्रयोग गर्न प्रेरित गर्ने उद्धेश्यका साथ संयुक्त शोरुम संचालनमा ल्याइएको जनकपुर नेपाली जुत्ता घरका संयोजक तथा केटिप्म सुजका प्रबन्ध निर्देशक प्रमोद महतोले जानकारी दिए ।
'जुत्ताचप्पलका संचालकहरुले डाइरेक्ट कुनै मार्जिन नराखी उत्पादन लागतमा नै उपभोक्तालाई उपलब्ध गराउने हुँदा सस्तो र गुणस्तरीय सामाग्री जनकपुरवासीले पाउनुहुनेछ' संयोजक महतोले भने । आफ्नै घर आँगनमा स्वदेशी उत्पादनका जुत्ताचप्पलको भब्य शोरुम संचालनमा आएपछि उपभोक्ताको चाप बढ्न थालेको छ । शोरुममा एक महिनासम्म ५० प्रतिशतसम्म छुटको व्यवस्था गरेको जानकारी दिदै उद्धाटनको एक साताभम अझ आकर्षक छुटको व्यवस्था रहेको आयोजकको भनाई छ ।
शोरुममा ८ वटा ब्राण्डका ५ हजारभन्दा बढि नयाँ नयाँ डिजाइनका जुत्ताचप्पल उपलब्ध रहेको जनाइएको छ ।
व्यवसायीहरुको भन्दा पनि उपभोक्ताको मुल्यमा जुत्ताचप्पल पाइने भएकाले मौकाको फाइदा उठाउन आयोजकको आग्रह छ । नेपालका प्रख्यात ब्राण्डहरु केटिप्म सुज, फस्ट वाक, डिएफ डियर हिल, रोयल सुज, क्रस रोड, शिल सुज, डिजे सुज र बेली सुज शोरुममा रहेका छन् ।
नेपाली उत्पादनको प्रवद्र्धन गर्नको लागि देशव्यापी रुपमा मेला तथा शोरुमहरु बिस्तार गर्दै आएको व्यवसायीहरुको समुहले बजारमा पाउनेभन्दा एकदमै सस्तो मुल्यमा गुणस्तरिय जुत्ताचप्पल बिक्रि वितरण गर्नुका साथै स्वदेशमा नै स्तरिय जुत्ता बन्दोरहेछ भनेर प्रमाणित गरिरहेका छन् । जनकपुरमा संचालनमा आएको संयुक्त शोरुमबाट अहिलेको अवस्थामा आर्थिक मन्दी खेपिरहेका उपभोक्ता तथा व्यवसायीलाई राहत दिने संचालकहरुको भनाई छ ।

# युवाको भूमिका महत्वपूर्ण




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारका अर्थमन्त्री एवम् प्रवक्ता संजय कुमार यादवले देशका सबै प्रणाली सक्रिय बनाउन युवाको भूमिका महत्वपूर्ण रहेको बताएका छन् । उनले देशमा भएका विभिन्न राजनीतिक परिवर्तनमा जनता र राजनीतिक दललाई जोड्ने काम युवाले नै गरेको बताए ।
जनता समाजवादी पार्टी(जसपा) नेपाल मधेश प्रदेशको युवा, विद्यार्थी तथा खेलकुद संगठनको कार्यशाला गोष्ठी कार्यक्रममा मन्त्री यादवले यस्तो बताएका हुन् । उनले जसपाको नेपालमा गरेको परिवर्तनको आन्दोलनमा युवा वर्ग नै अग्रपंक्तिमा रहेको स्मरण गर्दै अगामी दिनमा पनि युवाले जनता र पार्टीबीचको सम्बन्धमा 'पुल'को काम गर्ने बताए ।
कार्यक्रमलाई सम्बोधन गर्दै उनले पछिल्लो समय पार्टी र युवाबीच केही तिता र मिठा सम्बन्ध भए पनि युवालाई अवसर दिनेमा जसपा पार्टी नै अघि रहेको बताए । उनले सरकारले संघीयता संस्थागत गर्ने गरेको कामको प्रचार हुन नसक्दा पनि जनताको वितृष्ण बढेको बताए । उनले आगामी दिनमा संघीयता संस्थागत गर्न सरकार क्रियाशील रहने बताए । उनल पछिल्लो केही समय यता सरकारले युवाको विषय थोर बहुत समेटिएको बताए ।

# हवाई टिकटको भ्याट पुनः कायम



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हवाई टिकटमा सरकारले लगाएको भ्याट शनिबारदेखि पुनः कार्यान्वयनमा आएको छ ।
सर्वोच्च अदालतको एकल इजलासले साउन १४ गते जारी गरेको अन्तरकालीन अन्तरिम आदेशले निरन्तरता नपाएसँगै सरकारलाई भ्याट लगाउने निर्णय कार्यान्वयनको बाटो खुलेको हो ।
एकल इजलासमा न्यायाधीश अनिलकुमार सिन्हाले जारी गरेको अल्पकालीन आदेश हिजो न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र सुष्मालता माथेमाको इजलासले खारेज गरेको हो ।
एकपक्षीय अन्तरकालीन आदेश बदरको माग गर्दै अन्तरिक राजस्व विभागले पनि साउन २८ गते सर्वोच्चमा निवेदन दर्ता गरेको थियो ।
आन्तरिक राजस्व विभागका महानिर्देशक दीर्घराज मैनालीले आजैदेखि भ्याट लागू भएको जानकारी दिए । भ्याट लागू भएसँगै हवाई भाडा फेरि महँगो भएको छ । सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत् आन्तरिक तथा बाह्य दुवै खालका हवाई टिकटमा १३ प्रतिशत भ्याट लगाएपछि नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्सले सर्वोच्चमा रिट दर्ता गराएको थियो ।

# कहिले खुला गर्ला त भारतले चामल निर्यात ?

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चामल निर्यातमा एक महिनाअघि लगाएको प्रतिबन्ध खुकुलो बनाउँदै भारतले भुटान, सिंगापुर र मरिससका लागि चामल निर्यात खुला गरेको छ तर नेपाल यसमा परेको छैन । यद्यपि उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले नेपालका लागि पनि निर्यात प्रतिबन्ध खुला गरिने आश्वासन भारतीय पक्षबाट प्राप्त भइसकेको बताएका छन् ।
मन्त्री रिजालका अनुसार भारतीय पक्षले नेपाली अधिकारीलाई निर्यात खुलाउने निर्णयका लागि पत्र लेख्न भनेकामा नेपाली पक्षले यसअघि नै भारतलाई पत्राचार गरिसकेको हो । 'बैठक गरेर धान, चामल, चिनी दिन्छौं' भन्नुभएको थियो,' रिजालले भने, 'हामीले परराष्ट्र मन्त्रालयमार्फत् गरेको पत्राचार भारतीय दूतावास भएर भारत सरकारसँग पुगेको छ ।' उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले नेपालका लागि १० लाख मेट्रिक टन धान, एक लाख मेट्रिक टन चामल र ५० हजार मेट्रिक टन चिनीको आपूर्ति खुला गर्न आग्रह गर्दै पत्राचार गरेको मन्त्री रिजालले बताए । उनले केही समयअघि मात्रै नयाँ दिल्लीस्थित नेपाली राजदूत शङ्कर शर्मालाई पनि यसबारे सोधेको बताए ।



भारतका लागि नेपाली राजदूत शर्माले चामल निर्यात प्रतिबन्ध नेपालका लागि खुल्नेबारे 'भारतीय अधिकारीहरूले आफूलाई आश्वस्त तुल्याएको जानकारी मङ्गलवार मन्त्री रिजाललाई गराएका थिए । साउन तेस्रो साता भारतका प्रधानमन्त्री मोदीसँग भएको टेलिफोन वार्तामा पनि चामल निर्यातको प्रसङ्गबारे पनि छलफल भएको प्रधानमन्त्री प्रचण्डको सचिवालयले जनाएको थियो ।
यसअघि भारतीय प्रधानमन्त्रीले नेपालको हकमा चामल निर्यात नरोकिने आश्वासन दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको थियो ।
नेपालमा वार्षिक सरदर ५५ लाख मेट्रिक टन धान उत्पादन हुने गरेको सरकारी तथ्याङ्क छ । नेपाल चामल, दाल, तेल उत्पादक सङ्घका अनुसार वर्षमा झन्डै १५ लाख मेट्रिक टन धान अथवा १० लाख मेट्रिक टन धानका साथै अढाई लाख मेट्रिक टन चामल भारतबाट आयात गर्नुपर्ने अवस्था छ ।
एक आर्थिक वर्षको ११ महिनामा नेपालले झन्डै ३३ अर्ब रुपैयाँ बराबरको धानचामल आयात गरेको थियो ।

# वैभव वीरगंजमा सामाजिक संस्थाको साथ जरुरीः सिंह



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले वैभव वीरगंज बनाउन सबैको साथ र सहयोग अपरिहार्य रहेको बताएका छन् । लायन्स क्लब अफ इन्टरनेशनल फाउन्डेसनद्वारा आयोजित मेडिकल सामग्री हस्तान्तरण कार्यक्रममा उनले वीरगंजलाई समृद्ध बनाउन लायन्सलगायत सबैको साथ र सहयोग आवश्यक रहेको बताए ।
लायन्स क्लबले वीरगंज र यस क्षेत्रमा गरेको कामको सह्राना गर्दै उनले आउँदा दिनमा वीरगंजको आवश्यकता र यहाँका नागरिकको चाहनाबमोजिमका कार्यक्रम सञ्चालन गर्न पनि आग्रह गरे । क्लबसँग सहकार्य गर्दै महानगर अघि बढ्न तयार रहेको भन्दै नगरप्रमुख सिंहले महानगरले स्थापना गरेर सञ्चालनको तयारी गरेको वीरगंज जनस्वास्थ्य प्रयोगशालामा केही उपकरणहरू आवश्यक रहेकाले त्यसको व्यवस्था गरिदिन आग्रह गरे ।
लायन्स क्लब अफ इन्टरनेशनलका देवकी नन्दन अग्रवालले शिक्षा स्वास्थ्यको क्षेत्रमा लायन्स क्लबले काम गर्दै आएको जानकारी दिँदै आफूहरू महानगरसँग सहकार्य गरेर अघि बढ्न सधैँ तयार रहेको बताए । महानगरको प्रयोगशालालाई आवश्यक परेको उपकरण उपलब्ध गराउन लायन्स तत्पर रहेको भन्दै अग्रवालले यसबारे छिट्टै निर्णय दिने पनि बताए ।
क्लबले परवानीपुरस्थित केडिया आँखा अस्पताललाई उपलब्ध गराएको आँखाको रेटिनासम्बन्धी उपचारका लागि अति आवश्यक उपकरण नगर प्रमुख सिंहले हस्तान्तरण गरेका थिए । ८५ लाख रुपैयाँको उपकरण हस्तान्तरण भएको र यो उपकरणले आँखाको रेटिनाको शल्यक्रिया गर्न सहज हुने अस्पतालका सञ्चालक राजेश केडियाले विश्वास व्यक्त गरे ।

# मधेशमा ८९ प्रतिशत रोपाइँ



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशमा ८९.२० प्रतिशत धान रोपाइँ सकिएको छ। वर्षा पर्याप्त नहुँदा प्रदेशलाई सुक्खा क्षेत्र घोषणाको माग उठिरहेका बेला परेको पानीले धान रोपाइँको क्षेत्रफल बढेको छ। भदौको सुरुमा ८२.५८ प्रतिशत धान रोपाइँ मात्र भएको थियो। त्यसपछि खेतमा जम्ने गरी पर्याप्त वर्षा भएकाले रोपाइँको प्रतिशतमा वृद्धि भएको छ।
मधेश प्रदेशका आठवटै जिल्लाम पाँच लाख ७४ हजार ३ सय ६० हेक्टर क्षेत्रफल जग्गा खेतीयोग्य रहेको मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ। कुल खेतीयोग्य जग्गामध्ये चार लाख एक हजार ६ सय ५० हेक्टर क्षेत्रफल जग्गा धान खेतीका लागि योग्य छ। मन्त्रालयका प्रवक्ता रोशन मेहताले हालसम्म धान खेतीयोग्य जग्गामध्ये तीन लाख ३१ हजार ६ सय ९०.७ हेक्टर जग्गामा धान बाली लगाइएको जानकारी दिए । खेतीयोग्य जग्गामध्ये ४३ हजार ३ सय ५९.३ हेक्टर क्षेत्रफल जग्गामा अझै धान रोपाइँ भएको छैन।
मधेश प्रदेशमा सबभन्दा बढी बारामा धान रोपाइँ भएको छ। त्यहाँ ९८ प्रतिशतमा धान रोपाइँ भइसकेको मधेश प्रदेशको कृषि विकास निर्देशनालय नक्टाझिजले जनाएको छ। निर्देशनालयका निमित्त निर्देशक कमलदेव कुसवाहका अनुसार प्रदेशमा सबैभन्दा कम महोत्तरी जिल्लामा धान रोपाइँ भएको छ। ६५ प्रतिशत क्षेत्रफलमा मात्र रोपाइँ भएको जानकारी उनले दिए। यसैगरी पर्सामा ९७ प्रतिशत खेतमा धान रोपाइँ भएको छ। ४७ हजार १ सय ३० हेक्टर क्षेत्रफलमध्ये ४५ हजार ७१६.१ हेक्टरमा धान बाली लगाइएको छ ।

# ‘नेपालमा धर्म परिवर्तन चिन्ताको विषय’




**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
हिन्दू परिषद् नेपालका केन्द्रीय उपाध्यक्ष तथा नेपालका लागि नेपाली पार्टीका केन्द्रीय उपाध्यक्ष पिंकी महासेठले धर्मान्तरण नेपालमा चिन्ताको विषय भएको बताएकी छिन् । उनले यो क्रम समयमै नरोकिए आगामी वर्षमा नेपालमा हिन्दूको संख्या घटेर आधा हुने बताइन् ।
उनले हिन्दू परिषद् नेपाल विगत धेरै वर्षदेखि राष्ट्रियस्तरमा हुने धर्म परिवर्तन रोक्न र सनातन धर्मको रक्षाका लागि काम गरिरहेको बताइन् । नेपालका लागि नेपाली पार्टीको उद्देश्य सनातन धर्म र संस्कृतिको संरक्षण गर्नु भएको उनले बताइन् । उनले नेपालमा गाई राष्ट्रिय जनावर भए पनि विदेशी शक्तिका आडमा काट्ने र खुलेआम गाईको मासु सामूहिक रूपमा भोज गरिनु नेपालका ८० प्रतिशत हिन्दूका लागि चुनौती रहेको बताइन् ।
उनले यस्ता, विधर्मीलाई कारबाही गरी विदेशी गैरसरकारी संस्थाको आडमा नेपालको हिमाली तथा पहाडी क्षेत्रमा गरिब नेपालीलाई शिक्षा र स्वास्थ्यमा सहयोग गरेर क्रिस्चियन बनाउने काम रोक्न पनि आग्रह गरिन् ।
नेपालमा लभ जिहाद, रोहिंग्या, बंगलादेशी मुस्लिमको घुसपैठ बढिरहेको बताउदै महासेठले मुस्लिमको पनि जनसंख्या बढिरहेको बताइन् । उनले नेपालमा दुई हजारभन्दा बढी चर्च, मदरसा निर्माण भइरहेको र भोटको राजनीतिले सरकार पनि स्पष्ट हुन नसकेको बताइन् ।

# हामी संघीयताविरोधी होइनौँः लामिछाने



**मधेशदृष्टि**
**राजविराज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवि लामिछानेले आफ्नो पार्टी सङ्घीयताका पक्षमा रहेको बताएका छन् ।
राजविराजमा शनिबार पत्रकारहरूसँग कुराकानी गर्दै उनले यस्तो बताएका हुन् ।
पत्रकार भेटघाटमा बोल्दै अध्यक्ष लामिछानेले रास्वपालाई सङ्घीय शासन व्यवस्थाविरोधीका रुपमा शंका गर्न नहुने तर्क गरे । ‘हाम्रो पार्टी वर्तमान शासन व्यवस्थाविरोधी होइन,’ लामिछानेले भने, ‘हामीले प्रत्यक्ष निर्वाचन प्रणालीबाट मुख्यमन्त्री बनाउनुपर्छ भन्दा प्रादेशिक संरचना व्यवस्थाको विरोधी हो कि भन्ने लागेको हुनसक्छ तर यस्तो होइन, स्पष्ट पार्न चाहन्छु ।’

*‘भ्रष्टाचारविरुद्ध केही राम्रा कामसमेत गरेका छ्न, कामै गरेको छैन भन्न मिल्दैन,’*
*‘तर सत्तारूढ पार्टीका नेतामाथि अनुसन्धानमा कन्जुस्याइँ गरेको जस्तो देखिँदैछ, भ्रष्टाचार अभियोग लागेका सत्तारुढ दलका नेताकार्यकर्तालाई संरक्षण गर्न छलछाम सामसुम गरिँदैछ ।’*

प्रादेशिक संरचनाबाट आम नागरिक व्यवस्थामा जोडिन नसकेको टिप्पणी गर्दै लामिछानेले प्रादेशिक संरचनाबाट हाल भइरहेको सेवाप्रवाहमा ढिलासुस्ती र बेथिति बढेको भन्दै असन्तुष्टि व्यक्त गरे । ‘प्रादेशिक संरचना राजनीतिक भागबन्डा गर्ने अखडा बन्यो,’ उनले भने, ‘व्यवस्थालाई सपार्न सघायो कि सघाएन, आम नागरिक व्यवस्थासँग जोडिएको छ कि छैन भन्ने खोजी गर्न जरुरी छ, प्रादेशिक संरचना राजनीतिक भर्ती केन्द्र नभई नागरिकलाई सेवा दिने बन्नुपर्यो, हामीले खोजेको विषय यो हो ।’
बिग्रिएको जति दोष संरचनालाई थुपार्न नहुने बताउँदै अध्यक्ष लामिछानेले भने, ‘शिक्षा, स्वास्थ्य, सामाजिक परिवर्तनको सूचकमा भइरहेको बेथिति अन्त्य नभएसम्म विश्वास गर्नसक्ने अवस्थाचाहिँ छैन ।’ लामिछानेले वर्तमान प्रचण्ड नेतृत्वको सरकारले गरेको कामकारबाहीप्रति टिप्पणी गरिहाल्ने अवस्था नभएको बताए ।
‘भ्रष्टाचारविरुद्ध केही राम्रा कामसमेत गरेका छ्न, कामै गरेको छैन भन्न मिल्दैन,’ उनले भने, ‘तर सत्तारूढ पार्टीका नेतामाथि अनुसन्धानमा कन्जुस्याइँ गरेको जस्तो देखिँदैछ, भ्रष्टाचार अभियोग लागेका सत्तारुढ दलका नेताकार्यकर्तालाई संरक्षण गर्न छलछाम सामसुम गरिँदैछ ।’
रास्वपा प्रतिपक्षमा रहेर थप जिम्मेवारीका साथ काम गर्ने बताउँदै अध्यक्ष लामिछानेले अहिले सरकारमा नजानेसमेत स्पष्ट पारे ।
पूर्वगृहमन्त्रीसमेत रहेका लामिछाने मधेश प्रदेशस्तरीय २ दिने कार्यकर्ता प्रशिक्षण कार्यक्रम उद्घाटन गर्न शनिबार राजविराज आएका हुन् ।

# सात करोड उठाएर गौतम फरार



**मधेशदृष्टि**
**बारा ।**
निजगढ नगरपालिकामा विभिन्न व्यक्ति र संघसंस्थाको ७ करोड रुपैयाँ भन्दा बढी रकम ठगी गरेर फरार भएकी मनिला गौतम (निरु) लाई खोज्न प्रहरीले चासो नदेखाएको भन्दै पीडितले गुनासो गरेका छन् ।
एक दर्जनभन्दा बढी सहकारी, लघुवित्त र व्यक्तिको रकम उठाएर फागुन ११ गते गौतम फरार भएकी थिइन् । उनको खोजी गरी आवश्यक कारबाहीका लागि पीडितले असार २७ गते निजगढ नगरपालिकाका प्रमुख सुरथ पुरी, बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटा र प्रहरी उपरीक्षक होबिन्द्र बोगटीलाई छुट्टाछुट्टै भेटेर ज्ञापनपत्र बुझाएका थिए । ज्ञापनपत्रमा सहकारी र लघुवित्तबाहेक ४९ जना महिलाले संयुक्त रुपमा हस्ताक्षर गरेका थिए । तर, ज्ञापनपत्र बुझाएको डेढ महिना बितिसक्दा पनि सरोकारवाला निकायले कुनै सहयोग नगरेको निजगढ नगरपालिका–५ कि पीडित भक्तकुमारी राउतले बताइन् । उनले प्रहरी प्रशासनले आफूहरुलाई कुनै सहयोग नगरेको गुनासो गरिन् । निजगढ नगरपालिका– ९ कि कल्पना खरेलले पनि प्रहरीले हालसम्म जाहेरी दर्तासमेत नगरेको बताइन् । करोडौँ रुपैयाँ उठाएर फरार भएकी मनिला विदेशमा रहेको पीडितहरुले जनाएका छन् ।

# नरभक्षी बाघ नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ठोरीमा आतंक मच्चाउदै आएको नरभक्षी पाटेबाघलाई पर्सा राष्ट्रिय निकुञ्जको टोलीले आज नियन्त्रणमा लिएको छ । बाघलाई शनिबार बिहान करिब १० बजे ठोरी गाउँपालिका वडा नम्बर ५ बाघमोर्चा नजिक खोल्साबाट नियन्त्रणमा लिइएको सुनाखरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष भीमबहादुर पाख्रिनले जानकारी दिए ।
भदौ १३ गते बाघको आक्रमणबाट ठोरी गाउँपालिका वडा नम्बर ५, सुवर्णपुरका ५५ वर्षीय कान्छा दोङको मृत्यु भएको थियो । बाघले सोही दिन मृतक दोङको एक गोरुलाई पनि आक्रमण गरेको थियो । बाघ नियन्त्रणमा लिन भदौ १४ गतेदेखि नै प्रयास थालिएकोमा डार्ट गरिएको ठोरी गाउँपालिका वडा नम्बर ५ का अध्यक्ष अष्ट बहादुर लोप्चनले जानकारी दिए । बाघ नियन्त्रणका लागि निकुञ्जको टोली, नेपाली सेना, राष्ट्रिय प्रकृति संरक्षण कोषका वन्यजन्तु चिकित्सक तथा कर्मचारी एवम् हात्ती प्रयोग गरिएको थियो भने सुनाखरी मध्यवर्ती उपभोक्ता समिति र स्थानीयले सहयोग गरेका थिए ।

श्री विश्वकर्मा पुजा २०८० को शुभ अवसरमा
SS Product
माधो एग्रो
धान थ्रेसर
प्रत्येक थ्रेसरको खरिदमा एक थान ब्रह्मपुरीको लेबलर फ्रि
फ्रि लेबलर



हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।
कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,४०,०००।- मा लिएर जानुहोस् ।
माधो एग्रो थ्रेसरको विशेषताहरू:
१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।
* शर्तहरु लागु हुनेछ ।
सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०२१०२०

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, Email: madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन